नागरिकका कर्तव्य
- राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,
- हामी सबैले उल्लिखित नागरिक कर्तव्यको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ १० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 24 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६३

## कर्मचारी द्वन्द्वले लाइसेन्स वितरण स्वात्तै घट्यो

प्रस, वीरगंज, ९ जेठ/

यातायात व्यवस्था कार्यालय




तस्वीरः फाइल

(लाइसेन्स) वीरगंजमा कर्मचारीहरूबीचको अन्तर्द्वन्द्व जारी रहेकाले सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को लागि हुने परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीको सङ्ख्या स्वात्तै घटेको छ।

लाइसेन्स वितरणबाट हुने आम्दानीमा कर्मचारीहरूबीच कुरा नमिल्दा गत फागुनदेखि यो कार्यालयमा अन्तर्द्वन्द्व बढेको हो। लाइसेन्स वितरणको विषयलाई लिएर अहिले यातायातमा कर्मचारीहरू दुई गुटमा विभाजित भएर काम गरिरहेका छन्। दुवै गुटका कर्मचारीहरूले आफूअनुकूलका समाचारहरू प्रकाशित गरेर एकले अर्कोमाथि आक्षेप लगाउने कार्य जारी राखेका छन्। लामो समयदेखि यातायात (लाइसेन्स)मा काम गर्दै आएका अनुभवी कर्मचारीहरूबीच आम्दानीमा हुने भागबन्डाको विषयलाई लिएर झगडा भएको हो।

लाइसेन्समा हुने अनियमितताको विषयमा समाचार प्रकाशित गराएर दुवै गुटले एकअर्कालाई दोषी देखाउने र कारबाईको भागीदारी बनाउने कार्यमा लागेका छन् र उनीहरूको यो गतिविधि अहिले अख्तियारदेखि मधेस प्रदेशका मुख्यमन्त्रीसम्म छताछुल्ल भएको छ। कर्मचारीहरूको विवादका कारण यहाँबाट सेटिङमा सेवा दिलाउँदै आएका बिचौलियाहरू अहिले अनुकूल ठाउँमा सेवाग्राहीलाई लगेर काम गराउँदै छन्।

स्रोतका अनुसार हालै सञ्चालनमा आएको रौतहटको गौर र पहिलेदेखि सञ्चालित धनुषाको जनकपुर र सिराहाको लहानमा अहिले वीरगंजका बिचौलियाहरू गएर काम गराउँदैछन्। वीरगंजमा फागुनअघि एकपटकमा एक हजार ६०० जनासम्मको लिखित परीक्षा हुने गरेको कर्मचारीहरूले बताएका छन्। अहिले यो कार्यालयमा लाइसेन्सको लागि लिखित परीक्षा दिनेको सङ्ख्या दुई सयको हाराहारीमा रहेको कर्मचारीहरू बताउँछन्। हिजो जेठ ८ गते भएको लिखित परीक्षामा दुई सयको हाराहारीमा परीक्षार्थीहरू थिए। आज तिनीहरूको ट्रायल परीक्षा भयो र कमै मात्र परीक्षार्थी उत्तीर्ण भएका थाहा हुन आएको छ। यसअघि, १६ सय परीक्षार्थीमध्ये अधिकांश उत्तीर्ण हुने गरेका थिए।

यातायात व्यवस्था कार्यालय, लाइसेन्सका मेकानिकल इन्जिनीयर अमित दास, नायब सुब्बा सुनील पण्डित, रञ्जीत साहलगायतको एउटा समूह छ भने यिनीहरूले कार्यालय प्रमुख कमल गौतमविरुद्ध अभियान छेडेका छन्।

कार्यालय प्रमुख गौतमको पक्षमा भने शाखा अधिकृत बबिता जैसवाल, रामअयोध्या राम, लेखापाल मनोज निरौला, सहलेखापाल कविन्द्र यादवलगायतका कर्मचारीहरू छन्। कर्मचारीहरू दुई गुटमा विभाजित भएर कार्यालयको काम प्रभावित भएको र आम्दानीको स्रोत सुकेपछि बिचौलियाहरू अहिले झगडा मिलाउन लागिपरेका स्रोतले जनाएको छ।

यातायात व्यवस्था कार्यालय मधेस प्रदेश अन्तर्गत अहिले वीरगंज, जनकपुर, लहान र गौरमा सवारी चालक अनुमतिपत्र वितरण हुँदै आएको छ भने बर्दिवासमा पनि वितरणको तयारी भइरहेको स्रोतले जनाएको छ।

## नारायणीमा स्वास्थ्य बीमा गराएकाले सहज औषधि पाउँदै

प्रस, वीरगंज, ९ जेठ/

नारायणी अस्पतालको फार्मेसीबाट औषधि वितरण सहज भएपछि स्वास्थ्य बीमा गरेकाहरू खुशी भएका छन्।

विगत केही महीनादेखि नारायणी अस्पतालको फार्मेसीबाट स्वास्थ्य बीमा गराएकाहरूले सहजरूपमा औषधि पाउन थालेका छन्। अहिले यो फार्मेसीबाट स्वास्थ्य बीमा गराएकाहरूले दैनिक रु दुई लाखभन्दा बढीको औषधि खरीद गर्दै आएका फार्मेसी अधिकृत रञ्जीत साहले बताए। उनले ओपिडी सेवामा आएका बिरामीहरूमध्ये ८० प्रतिशत स्वास्थ्य बीमा स्वास्थ्य बीमा गराएकाहरू हुन्छन् र उनीहरूले फार्मेसीबाट औषधि खरीद गर्ने गरेको बताए।

नारायणी अस्पतालको ओपिडी सेवामा दैनिक चार सयभन्दा बिरामीहरू आउने गर्छन्। उनीहरूमध्ये ३५० जनाले स्वास्थ्य बीमा गराएका हुन्छन्, फर्मासिस्टका साहले बताए।

अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले फार्मेसीमा निकै सुधार आएको बताए। यसअघि, हरिन्द्र यादव फर्मासिस्ट हुँदा स्वास्थ्य बीमा गरेका सेवाग्राहीहरू पीडित हुने गरेका थिए। उनीहरूलाई औषधि पाउन धौधौ हुन्थ्यो। त्यति बेला स्वास्थ्य बीमा गराएकाहरूले औषधि नपाउने तर सो औषधि फर्मासिस्टको चलखेलमा अपचलन हुने गरेको थियो।



स्वास्थ्य बीमा गराएकाहरू नारायणीमा औषधि लिन लामबद्ध। तस्वीरः प्रतीक

### औषधि वितरणमा पारदर्शिता

स्वास्थ्य बीमा गराएकाहरूको लागि नारायणी अस्पतालमा औषधि वितरण गर्न खुलेको फार्मेसीमा तीन/चार वर्षसम्म औषधि अपचलन भएको थियो। स्वास्थ्य बीमा गराएकाहरूले औषधि नपाउने र उनीहरूको नाममा औषधिको अपचलन हुने गरेको थियो।

करारमा रहेका यादवले स्वास्थ्य बीमा गराएका सेवाग्राहीहरू औषधि लिन आउँदा एउटा/दुई वटा मात्र दिने र सोको बिल पनि दिने गरेका थिएनन् तर उनले त्यस्ता बिरामीहरूका सबै औषधिको दाबी बीमा आयोगमा गर्ने गरेको बुझिन आएको छ। अहिले फार्मेसीबाट स्वास्थ्य बीमा गराएकाहरूले जति औषधि पाउँछन्, सोको रसीद पनि पाउने गरेका छन्। फार्मेसी अधिकृत साहका अनुसार अहिले वार्षिक रु छ करोडको कारोबार भइरहेको छ। औषधि सप्लायर्सले भुक्तानी अभावमा एकाध दिन औषधि उपलब्ध नगराउँदा मात्र समस्या हुने गरेको तर अन्य बखत सहजरूपमा सेवाग्राहीहरूले औषधि पाइरहेको उनले बताए।

वार्षिक रु तीन हजार सात सयमा परिवारका पाँचजना सदस्यको जोखिम बेहोर्नेगरी स्वास्थ्य बीमा हुन्छ। सरकारले पछिल्लो समय ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूको निश्शुल्क स्वास्थ्य बीमा गर्दै आएको छ।

## ठोरीमा पार्क उद्घाटन

प्रस, ठोरी, ९ जेठ/

ठोरी गापा–३ ब्रह्मनगरमा श्री छिरलिङ भीमसेन पार्कको मङ्गलवार उद्घाटन भएको छ।

ठोरी गापाका अध्यक्ष लालबाबू श्रेष्ठले उक्त पार्कको उद्घाटन गरेका थिए। श्रेष्ठले नवनिर्मित पार्कले ठोरी गापाको विकासमा ठूलो भूमिका खेल्ने बताए।

अध्यक्ष श्रेष्ठले यो पार्कको व्यवस्थापनको लागि गापाबाट आवश्यक पर्ने ट्रस्ट निर्माण, स्वीमिङ पुललगायत पर्यटकलाई आकर्षक बनाउनको लागि सामग्रीहरू व्यवस्थापन गर्ने बताए।

ठोरी गापामा पहिलोपटक निजी श्रमदानबाट पार्क निर्माण भएकोमा उनले आफूले पाठ सिकेको र अरू पनि प्रेरित भएको बताए।

रोले खानदानको निजी लगानीमा करीब पाँच लाख रुपैयाँको लागतमा उक्त

(बाँकी पाँचौं पातामा)




तस्वीरः प्रतीक

## कोल्हवीका खोला ठेकेदारद्वारा उत्खनन
## नदीजन्य पदार्थ वन क्षेत्रमा घाटगड्डी

प्रस, निजगढ, ९ जेठ/

गत वर्ष कोल्हवी नगरपालिकाले लगाएको नदीजन्य पदार्थ (दहत्तर बहत्तर)



ठेकेदारले निजगढस्थित तामागढी वन क्षेत्रमा थुपारेको नदीजन्य पदार्थ। तस्वीरः प्रतीक

को ठेक्का सकार गर्ने ठेकेदार कम्पनीले कानूनविपरित नदीजन्य पदार्थ थुपारेर वन क्षेत्रमा घाटगड्डी गरिरहे पनि डिभिजन वन कार्यालय, बारा मौन रहेको छ।

डिभिजन वन कार्यालय, बारा मातहतको निजगढस्थित बकैया पुल दक्षिण–पश्चिमतर्फ र तामागढी सबडिभिजन वन कार्यालय, निजगढ पूर्वतर्फ बकैया खोलानजीकैको राष्ट्रिय वन क्षेत्रमा वनको इजाजतविना गैरकानूनीरूपमा वन क्षेत्रलाई घाटगड्डी स्थलको रूपमा ठेकेदारले प्रयोग गर्दै आइरहेको छ। उक्त थुपारिएको ग्राभेल सो सबडिभिजन वन कार्यालयदेखि बढीमा ५० मिटर दूरीमा छ।

वन क्षेत्रमा नदीजन्य पदार्थ थुपार्न वा घाटगड्डी गर्न डिभिजन वन कार्यालय, बाराले अनुमति नदिएको, विनाअनुमति वन क्षेत्रमा थुपारिएका नदीजन्य पदार्थ हटाउन तत्कालै पत्राचार गर्ने डिवका, बाराका प्रवक्ता एवं सहायक वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

गत आर्थिक वर्ष २०७८/८९ मा कोल्हवी नगरपालिकाले बकैया खोलामा नदीजन्य पदार्थ उत्खननको ठेक्का बन्दोबस्तीपछि ठेक्का सकार गर्ने ठेकेदार कम्पनीले बकैया खोलामा नदीजन्य पदार्थ उत्खनन गरिराखेको हो। वन क्षेत्रमा राखिएका नदीजन्य पदार्थ चार सय टिपर अर्थात् एक लाख ६९ हजार ३४४ घनफिट रहेको अनुमान छ। गत वर्ष कोल्हवी नपाले लगाएको नदीजन्य पदार्थ उत्खननको ठेक्का कोल्हवीको महालक्ष्मी निर्माण सेवा सकार गरेको कोल्हवी नगरपालिका कार्यालयले जनाएको छ। करीब ८२ लाख ५० हजार घनफिट नदीजन्य पदार्थ उत्खनन गर्न मूअकरसहित छ करोड ४५ लाखमा सकार गरेको ठेकेदार सुबोध कुँवरले बताए।

उक्त नदीजन्य पदार्थको जिल्ला समन्वय समिति, बाराबाट स्टक प्रमाणित भएको र त्यस बेला करचुक्ता नभएकोले तत्कालै सो नदीजन्य पदार्थ उठाउन नसकिए पनि अहिले करचुक्ता भइसकेकोले असार मसान्तभित्रमा उक्त ग्राभेल उठाउने ठेकेदार कुँवरले जानकारी दिए।

यता निजगढस्थित तामागढी वन क्षेत्रमा राखिएको नदीजन्य पदार्थको स्टक प्रमाणित ठेकेदारले जिससबाट गराइसकेको लेखा अधिकृत सुरेन्द्र चौधरीले जानकारी दिए।

## पर्सा, बारामा फस्टाउँदै नर्सरी व्यवसाय

प्रस, वीरगंज, ९ जेठ/

पर्सा, बारामा वृक्षारोपण गर्नेहरूको सङ्ख्या बढ्दो छ। सरकारीस्तरमा हुने वृक्षारोपणको स्याहारसुसार नहुँदा बर्सेनि नष्ट भएर जाने गरेका भएपनि अहिले उद्योगी, व्यापारी तथा निजीस्तरमा हुने वृक्षारोपण भने संरक्षित तरीकाले हुर्किरहेका छन्।

पथलैयादेखि वीरगंजसम्म छ लेन सडकमा अहिले विभिन्न सङ्घसंस्थाले वृक्षारोपण गरेका छन्।

त्यसको स्याहारसुसार पनि उनीहरूले नर्सरीहरूको जिम्मा लगाएर गराउँदै आएका छन्। जगदम्बा, हुलास, सूर्य नेपालले डिभाइडरहरूमा वृक्षारोपण गरी त्यसको संरक्षण गर्ने कार्य गरेकाले अहिले सो क्षेत्रमा बिरुवाहरू हुर्केको देख्न सकिन्छ।

यसैगरी, एडिबीको सहयोगमा बनेको बाइपास सडकमा पनि कालिका कन्स्ट्रक्शनले डिभाइडरमा वृक्षारोपण गरेर सौन्दर्यीकरण गरेको छ।

गण्डकदेखि रजतजयन्ती चोकसम्म सात किलोमिटर क्षेत्रको डिभाइडरमा नीम, मैङ्गो स्टिन, अशोक, बोतल ब्रस, चम्पा प्रजातिका बिरुवा रोपिएको र त्यसको स्याहारसुसार वीरगंजको



तस्वीरः प्रतीक

मनकामना नर्सरीले गर्दै आएको छ।

मनकामना नर्सरीको रेखदेखमा महानगरले अहिले घण्टाघरदेखि पावरहाउस चोक र शङ्कराचार्यद्वारमा पनि ठूला बिरुवा रोपिएका छन्।

वीरगंजमा अहिले तीन दर्जनभन्दा बढी नर्सरी सञ्चालनमा छन्। चर्चामा आएका नर्सरीमा मनकामना, अन्नपूर्ण र मङ्गलकामना हुन्। यीमध्ये सबैभन्दा पुरानो मनकामना हो।

कलैया उपमहानगरपालिकामा ३५ वर्षदेखि मनकामनाले नर्सरी सञ्चालन

(बाँकी अन्तिम पातामा)

विचारसार र सूक्तिहरू

**नाताको क्षेत्रफल पनि कति गजबको छ । मानिसहरू लम्बाइ, चौडाइ त नाप्छन् तर गहिराइबारे सबै बिर्सन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# ऋणको भारी

**नेपालले तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व बढेर साढे २१ खर्ब रुपैयाँ नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अनुसार चालू आर्थिक वर्ष २०७९/८० शुरू हुँदा नेपालको सार्वजनिक ऋण १० खर्ब तीन करोड ४७ करोड ४९ लाख आन्तरिक र रु १० खर्ब ७० अर्ब ६४ करोड ९० लाख बाहिरी ऋण छ । हाम्रो मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७ छ । जनसङ्ख्या अनुसार सरदर हिसाब गर्दा प्रतिव्यक्ति ऋण रु ७३ हजार ८६० (५५७ अमेरीकी डलर) पर्न आउँछ । हाम्रो मुलुक ऋणमा डुबेको देशमध्येमा पर्छ । ऋण लिएर अनुपयुक्त क्षेत्रमा खर्च गर्ने तर नतिर्ने सरकारको गैरजिम्मेवारीपनले गर्दा नेपालको ऋण बढ्दै गएको हो । दाता राष्ट्रहरूले नेपाल सरकारलाई ऋण लिएर विकास गर्न आग्रह गर्छन् । त्यस्ता आग्रहमा नेपाल सरकार र अर्थमन्त्री मक्ख पर्छन् । ऋणको भरमा बजेट बनाउने सरकारले उत्पादनशील क्षेत्रमा खर्च गर्दैन । कुनै नयाँ उद्योग, कलकारखाना खोल्न सकेको छैन । नेपालको आयस्रोत बढ्ने कुनै उद्योग, कारखाना नखोली सरकारले लिएको ऋण तिर्न गाह्रो कुरा हो । त्यसैले यो तिर्ने वा घट्नेभन्दा पनि बढेको बढेकै छ ।**

**अर्थमन्त्रीले हरेक आर्थिक वर्षमा ऋण तिर्ने घोषणा गर्छन् तर सरकारले ऋण तिरेको कहिल्यै सुनिएको छैन । नेपालमा निर्यातभन्दा आयात बढी भइरहेको यथार्थ हो । सरकारले स्वदेशमैं रासायनिक मल कारखाना खोलेको भए देशको निम्ति ठूलो आयस्रोत बन्थ्यो । हिमालबाट बगिरहेको पानी सगरमाथाको नामबाट संसारभर बेच्न सकिन्थ्यो । यसतर्फ सरकारको ध्यान गएको छैन । कृषि क्षेत्रको हालत त्यस्तै छ । मुलुकमा उत्पादन हुने अन्न र हरियो तरकारी विदेशबाट आयत गरिन्छ । अन्डा, माछा, मासु र फलफूलमा समेत विदेशमुखी बनेका छौं । आफ्नो मुलुकमा दूध बिक्री नभएर कृषकले 'मिल्क होलिडे' गरिरहेको बेला विदेशबाट पाउडर दूध आयात गरिरहेका छौं । कृषिमैत्री नीति, बजेट, कार्यक्रम तथा योजना छैन । जुनसुकै सरकार आए पनि सरकारले जनताका आधारभूत आवश्यकता पूर्ति गर्न सकेको छैन, पूर्ति गर्नेतर्फ कुनै पूर्वाधार तयार गरेको देखिंदैन । विदेशी ऋणमा डुबेपछि, विदेशी दबाब या इशारामा उठबस गर्नु बाध्यता हुन्छ । त्यसैले मुलुकको अर्थतन्त्र स्वदेशमुखी नभएर विदेशमुखी अर्थात् विदेशीलाई रिझाउने किसिमको बन्नु स्वाभाविक हो । स्वदेशी उत्पादनलाई बढावा दिनेगरी सरकारी नीति नबनेसम्म मुलुक समृद्ध र आत्मनिर्भर बन्न सक्दैन । नेपाल समृद्ध नभईकन नेपाली जनता सुखी तथा खुशी हुनेछैनन् ।**

**विदेशमा अध्ययन गरेर अर्थमन्त्री बनेका मन्त्रीहरू नेपाल र नेपालीको हितभन्दा विदेशी शक्तिराष्ट्रहरूकै हित या पक्षमा बोलिरहेका हुन्छन् र काम गरिरहेका छन् । प्रत्येक वर्ष विदेशी ऋणको भरमा बजेट बनाउँछन् । विकासको नाउँमा लिएको ऋणमैं आर्थिक अनियमितता हुन्छ, चुहावट हुन्छ । एकातिर विकासको नाउँमा ऋण लिइन्छ भने अर्कोतिर ठूलठूला व्यापारी, उद्यमीहरूलाई विभिन्न कानूनी छिद्र प्रयोग गरेर कर छुट दिइन्छ । करको दायरा वृद्धि गरिंदैन, प्रगतिशील कर लगाउँदैनन् । स्वदेशमैं रहेको कच्चा पदार्थलाई सरकारले प्रयोग गर्दैन । संसारका ठूला, विकसित र शक्तिसम्पन्न राष्ट्रहरूलाई माथि पनि ऋण छ तर उनीहरूले लिने ऋणको उपयोग र हामीले गर्ने दुरुपयोगमा आकाश–पातालको फरक छ । जबसम्म फरकपन आइरहन्छ, तबसम्म हामी ऋणको भारीले च्यापिरहनेछौं ।**

# के ठीक, के बेठीक

स्वतन्त्र विचार



विनोद गुप्ता

**अब २००७ देखि २०८० सालसम्म अर्थात् ७३ वर्षको राजनीति र विकासको उपलब्धि हेर्दा हामी प्रगतिउन्मुख छौं वा पतनतर्फ लम्किरहेका छौं, तपाईंहरू नै विचार गर्नुस् । म उदास भएको ठीक कि बेठीक ?**

आज मङ्गलवार जेठ ९ गते बिहान उठ्दा नै देखिएको मौसमी परिवर्तनले गर्मीबाट मुक्ति पाइने भनेर खुशी ल्याएन, बरु मनभित्र एउटा डर, भय र त्रासजस्तो अनुभूति भयो । किन यस्तो भयो भनेर सोचेर बस्दा यो पानीले बालीनालीलाई फाइदा–बेफाइदा के पुऱ्याउने हो र बेफाइदा नै गर्ने हो भने अन्नको भण्डार भनेर झूटो पगरी पहिराइएको मधेस वा तराईको अवस्था के कस्तो हुने हो सोच्नेतिर लागियो । यसै क्रममा सर्वप्रथम त मधेसको तात्पर्य नै के हो भनेर बुझ्दा यो शब्द मध्यदेशको अपभ्रंश भएको एवं दक्षिणमा समुद्र र उत्तरको पहाडी भूभागबीचको समथर भूमिलाई मध्यदेश भनिएको रहेछ । यो मध्यदेशमा जाति एवं वर्ण व्यवस्था अनुसार बन्द व्यापार गर्नेहरू मध्यदेशीय वैश्य भनाउँदा रहेछन् । व्यवसाय वा रोजीरोटीको उपक्रम अनुसार नामपछाडि वर्ण जनाउने शब्दावली प्रयोग गर्ने चलन चलेको देखिन्छ । नेपाल देशमा मधेस गङ्गावारिसम्म फैलिएको प्रमाण भेटिन्छ तर सुगौली सन्धिपछि नेपालको मधेसले वर्तमान स्वरूप ग्रहण गरेको देखिन्छ । राजनीतिज्ञ हृदयेश त्रिपाठीको एक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार वास्तवमा राणा शासकहरूले अमलेखगंजभन्दा माथिको उपल्लो भागदेखि तिब्बतसँग जोडिएको नेपालको सीमासम्मको भूभागलाई नेपाल मानेर सन्धि गर्न तयार भएको बेला तराईका सातजना जमीनदारले आफूहरू म्लेच्छ राज्यसँग नबस्ने हठ लिएपछि उनीहरूको जग्गासमेत नेपालमा पर्नेगरी सीमाङ्कन गर्नुपरेकोले नेपालभित्र पनि एउटा मधेस रहन गएको हो । पञ्चायतकालदेखि प्रजातन्त्र हुँदै सङ्घीयतासम्म आइपुग्नुपूर्व नेपालकै नक्शाको २२ जिल्लामा रहेको मधेस सङ्घीयतापछि आठ जिल्लाको वर्तमान स्वरूपमा आइपुगेको छ । आठ जिल्लामा सीमित भएर आफ्नो अस्तित्व जोगाइरहेको मधेस प्रदेशले थुप्रै राजनीतिज्ञ जन्मायो ।

नेपालमा राणाशासनविरुद्धको आन्दोलन २००७ सालमा भएको हो । यस आन्दोलनमा नेपालका सबै वर्ग एवं जातजातिले भाग लिएर यसलाई सफल बनाएका हुन् । तर यस आन्दोलनपश्चात् नै काङ्ग्रेसबाट नै २००८ मा मधेसका केही काङ्ग्रेसी नेताहरूले तराईको स्वायत्तकरण, सेनामा मधेसीको सहभागिता, नोकरीमा मधेसीहरूको समतामूलक सहभागिता र हिन्दी भाषालाई कामकाजको भाषाको रूपमा मान्यता दिनुपर्ने जस्ता मागहरू उठाउँदा काङ्गेस यस मागप्रति सकारात्मक नदेखिएकोले कुलानन्द झा र बलदेव दासले २००८ सालमा तराई काङ्ग्रेसको गठन गरे, जसमा कालान्तरमा वेदानन्द झा यस पार्टीको अध्यक्ष नियुक्ति भए । तराई काङ्ग्रेसमा त्यति बेला नेपाल काङ्ग्रेससँग असन्तुष्ट धेरै राजनीतिकर्मीहरू सामेल हुँदै गए पनि २०१५ को नेपालकै प्रथम आमनिर्वाचनमा यस दलले एउटा पनि सिट प्राप्त गर्न सकेन । त्यस उपरान्त यस दलका धेरै नेताहरू पञ्चायतमा प्रवेश गरे र तराई काङ्ग्रेस विलीन भयो । त्यसपछाडि एकैपटक पञ्चायतकालमा २०३६ सालको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायतले जितेपछि पनि राजनीतिक दलहरूमाथि प्रतिबन्ध नहटाइएकोले स्व गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् नामको एक संस्था दर्ता गरेर मधेसकेन्द्रित राजनीति शुरू गरेको र स्व रामराजाप्रसाद सिंहले पञ्चायतको चुनावमा मधेस मात्र नभई समग्र देशकै पक्षमा राजनीति गरेर हलचल पैदा गरेको स्मरण गर्न सकिन्छ । २०४६ सालको जनआन्दोलनपछि दलहरूमाथिबाट प्रतिबन्ध हटाइएपछि स्व गजेन्द्रनारायण सिंहको सद्भावना परिषद् सद्भावना पार्टीमा परिणत भएर आजको अवस्थासम्म आइपुग्दा कता पुग्यो कता भेउ पाउने अवस्था देखिंदैन । त्यसपछाडि २०५२ मा माओवादी द्वन्द्व शुरू भयो र त्यस क्रममा उपेन्द्र यादव, मातृका यादव र सुरेश आलेमगरलाई भारतीय प्रहरीले गिरफ्तार गरी मातृका यादव तथा सुरेश आलेमगरलाई नेपाल सरकारको जिम्मा लगाइयो भने उपेन्द्र यादव भारत सरकारकै कैदमा रहेर नेपालको पहिलो मधेस आन्दोलन २०६२/६३ को नेतृत्वकर्ता बन्न पुगे । २०६३ माघ २ गतेबाट प्रारम्भ भएको यो आन्दोलनको प्रमुख माग नै सङ्घीयता र समानुपातिक प्रतिनिधित्व थियो ।

प्रादेशिक लेखा अनुमान प्रतिवेदन अनुसार कुल गार्हस्थ्य उत्पादनमा मधेसको योगदान १३ प्रतिशत रहेको छ भने वाग्मतीको ३६.८, कोशीको १५.८, लुम्बिनीको १४, गण्डकीको नौ र सुदूरपश्चिमको सात प्रतिशत रहेको छ । यस अर्थमा उद्योग नगरी वा आर्थिक राजधानी भन्नु शृङ्गार मात्र रहेछ, वास्तविकतासँग यसको सम्बन्ध देखिंदैन । प्रतिव्यक्ति आय वाग्मतीमा २०९७ अमेरिकी डलर, गण्डकीमा १४९२, कोशीमा १२९९, लुम्बिनीमा १०२६, सुदूरपश्चिममा १०६३, कर्णालीमा ९९७ र मधेस प्रदेशमा ८७५ डलर रहेको छ । त्यसैले भनिएको होला जय मधेस ।

अब २००७ देखि २०८० सालसम्म अर्थात् ७३ वर्षको राजनीति र विकासको उपलब्धि हेर्दा हामी प्रगतिउन्मुख छौं वा पतनतर्फ लम्किरहेका छौं, तपाईंहरू नै विचार गर्नुस् । म उदास भएको ठीक कि बेठीक ?

# गुरु रुन थाले धुरुधुरु

मन्तव्य



कुमार रुपाखेती

**शिक्षकहरूलाई दु:ख दिनु, पेल्नु, हायलकायल पार्ने, गलाउन खोज्ने आदि इत्यादि क्रियाकलापले न पालिका, न शिक्षक कसैको भलो हुँदैन । बाराको सुवर्ण गापाझैं अवस्था सिर्जना भयो भने जिम्मेवारी कसले लिने ? सबैलाई थाहा छ, जागीर खाएपछि सरुवा हुन्छ, सरुवा भएको स्थानमा जानुपर्छ ।**

तराई–मधेसका विभिन्न पालिकाहरूले जथाभावी सरुवा, बढुवा र घटुवा गर्न थालेपछि यस क्षेत्रका शिक्षकहरू आन्दोलित हुन थालेका छन् । शिक्षक आन्दोलनले शिक्षा क्षेत्र तहसनहस हुनु स्वाभाविकै हो । स्थानीय प्रशासकझैं पालिका प्रमुखहरू नै विद्यालय निरीक्षण, छड्के चेकजाँच र स्पष्टीकरण लिई शिक्षकहरूको हुर्मत लिन थालेपछि कतैकतै ढुङ्गामुढा, तोडफोड, आगजनी र पालिका घेराउसमेत हुन थालेका छन् ।

विद्यालय शान्ति क्षेत्र हो, शिक्षक शान्तिदूत हुन् भने विद्यार्थी भविष्यका कर्णधार हुन् । सरकारले शिक्षालाई स्थानीय सरकारको जिम्मा लगाएपछि पालिका र सरकारी विद्यालयबीच पानी बाराबारको स्थिति सिर्जना हुँदै आएको हो । कतिपय पालिका प्रमुखहरूले 'मिल गया लाठी बन गया हवलदार' पारा देखाउन थालेपछि सरकारी विद्यालयका शिक्षकहरूले उकुसमुकुसको वातावरणमा अध्ययन, अध्यापन गराउन असहज महसूस गर्न थालेका थुप्रै भयो ।

काखापाखा गरेर सरुवा, बढुवा गर्ने, विद्यालयहरूमा अनावश्यक हस्तक्षेप गर्ने, विद्यार्थी छैन भन्दै विद्यालय बन्द गराइदिने, शिक्षक सङ्घसङ्गठनलाई भाउ (महत्त्व) नदिने, समयमा तलब नपाउने आदि इत्यादि अनावश्यक हस्तक्षेपलाई न्यूनीकरण गर्न सरकारी विद्यालयका शिक्षकहरू आन्दोलनरत छन् । यिनको जायज मागलाई सम्बोधन गरेर समस्या समाधान गर्नुको सट्टा केही पालिका प्रमुखहरूको रूखो र टर्रो बोलीले 'आगोमा घ्यू'को काम गर्न थालेको छ । बारा, सुवर्ण गाउँपालिकाका उग्र र उपद्रव विद्यार्थीहरूले ठूलै हानिनोक्सानी गरे । मुलुकमा सात प्रदेशमध्ये बाँकी छवटा प्रदेशमा पालिका र शिक्षकबीच कुनै समस्या नदेखिनु तर हाम्रो प्रदेशमा स्थानीय सरकार र शिक्षकहरूबीच दरार बढ्नुमा पालिकाहरूकै अनुभवहीनता र अहम् जिम्मेवार देखिन्छ । जनताबाट निर्वाचितहरूले नै मुठभेड निम्त्याउनु, समस्या विकराल पार्नु, ओठे जवाफ दिनु, सङ्घसङ्गठनलाई महत्त्व नदिनु जस्ता क्रियाकलापले स्थानीय सरकारले शिक्षा क्षेत्र चलाउन नसक्ने तर तहसनहस गर्न सक्ने देखिन्छ । भनाइ नै छ, 'मूर्ख मित्रभन्दा बुद्धिमान् शत्रु राम्रो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले भनेकै छन्–

क्षत्रीको छोरा यो पाउ छुन्छ घिनले छुँदैन

मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

महाकविकै श्लोक अनुसार पालिकाहरूले शिक्षकहरूको अवस्था यस्तो बनाइदिएका छन् ।

हातका मैला सुनका थैला के गर्नु धनले,

साग र सिस्नु खाएको बेस आनन्दी मनले ।

कतिपय पालिका प्रमुखहरूको रवाफिलो पारा झेल्न नसकेर पालिका कर्मचारीहरूले राजीनामा दिएका छन् भने अब यस्तै राजीनामाको रोग पालिकाहरूले शिक्षकमा सार्दैछन् रे । कतिपयले भन्छन्, शिक्षकलाई हायलकायल गर्ने अनि आफ्नो आसेपासेलाई शिक्षकमा जागीर दिलाउने शकुनि खेल पनि रचिंदैछ रे । त्यसो त नेपालमा जनप्रतिनिधिलाई लक्ष्मीपुत्र र गुरु (शिक्षक)लाई सरस्वतीपुत्र भनिन्छ । त्यसैले त लक्ष्मीपुत्र जनपतिनिधिहरूले जिन्दगीमा यो बुढेसकालमा कसेकम एकपटक महाकविको मुनामदन पढ्न सुझाएको छु ।

तानाशाही पञ्चायती व्यवस्था ढाल्नसमेत शिक्षकहरूको ठूलो त्याग र बलिदान छ अनि नाथे पालिकाहरूले 'आ बैल मुझे मार' पारामा किन शिक्षकहरूसँग अझ्ुराएका हुन् यो खोजीको विषय हो । कतिपय पालिकाहरूले पुरानो इबी, चुनावी इबीका चलते पनि शिक्षकहरूलाई शिकार बनाइरहेका खबर छ । कहिले कसको किन बेमौसमी सरुवापत्र आउँछ भन्ने त्रासमा बाँचेका शिक्षकहरूले त्यसै पनि राम्ररी पढाउन सक्दैनन् । हेपाहा प्रवृत्तिको सरुवा जसलाई पनि अखरिन्छ नि । एउटै विद्यालयमा धेरै वर्ष राख्नुहुँदैन, सरुवाले शिक्षाको स्तर बढ्छ भन्ने बकम्फुसे र बचकाना तर्क दिनेहरू वास्तवमा स्वयम् नै शिक्षाबाट वञ्चित मनुवा हुन् । यही सुन्दरमल रामकुमार कन्या विद्यलायमा थुप्रै पुराना मैडम छन्, खै तिनको सरुवा ? खै किन हो कुन्नी कन्या विद्यालयप्रति किन महानगर मेहरबान छ, त्यहाँ त महानगरको लगानीमा स्तरोन्नतिको नाममा ठेक्कापट्टा चल्दैछ धडल्लेले ।

अहिले काखापाखाको पञ्चायतकालीन जमाना होइन, खोजतलाश गर्दा लहरो तान्दा पहरो गर्जिने समय हो यो । तसर्थ शिक्षाका दिग्गज गुरुहरूलाई धुरुधुरु रुवाएर शिक्षाको होइन, व्यक्तिविशेषको उत्थान हुन सक्ला । त्यस्तै, पालिका भनेको समस्या सिर्जना गर्ने होइन, समाधान गर्ने थलो छ । विद्यालयबाट निस्किएर महानगरको ढोकासम्म पुगेका शिक्षक र यिनका सङ्घसङ्गठनको कुरा धैर्यतापूर्वक सुन्नु महानगरको दायित्व हो । जाबो सरुवालाई लक्ष्मणरेखा अथवा ब्रह्माकी लकिर साबित गर्न खोज्नु आफ्नै खुट्टामा बन्चरो हान्नुसरह हो । पत्रपत्रिकासमेतले पालिकाको होइन शिक्षकहरूको तालमा ताल मिलाएर समर्थन गर्दै आएकाले समेत पालिकाहरूले मालिका भएर सोच्न त्याग्नुपर्‍यो । वार्ताबाट समस्याको निराकरण गर्नुपर्‍यो । पालिका र शिक्षकहरूको टसल्लले बालबालिकाहरू साँढेको लडाइँ र बाछाको मिचाइँमा परेका छन् । पढेलेखेका शिक्षित शिक्षकहरूले पालिकाको समस्या बुझ्ने र पालिकाले शिक्षकहरूको मर्म बुझ्ने वातावरण बनाउनुपर्‍यो । बरु स्थानीय सरकारले 'भैंसके आगे बिन बजाए भैंस क्या जाने' जस्तो रवैया छोड्नुपर्छ ।

सबैलाई थाहै छ, अन्य सरकारी कर्मचारीजस्तो मनग्य आम्दानी र सुविधा, तलब र विभिन्न भत्ता शिक्षकले पाउँदैनन् । सुक्खा तलबमा जीवनयापन गर्ने, ज्ञान बाँड्ने शिक्षकहरूलाई केही त रहम गनुपर्छ । रहम अर्थात् न्याय देऊ । हामी महानगरवासी हौं, अनि गाउँपालिका स्तरमा जाबो एउटा शिक्षक सरुवा, बढुवामा महानगर नअल्झोस् भन्ने हाम्रो चाहना हो । भनिन्छ, अदृश्य शक्तिले महानगरका प्रमुखलाई यस्तै झिनामसिना कुराहरूमा अल्झाएर टाइमपास गराउँदैछ ।

शिक्षकहरूलाई दु:ख दिनु, पेल्नु, हायलकायल पार्ने, गलाउन खोज्ने आदि इत्यादि क्रियाकलापले न पालिका, न शिक्षक कसैको भलो हुँदैन । बाराको सुवर्ण गापाझैं अवस्था सिर्जना भयो भने जिम्मेवारी कसले लिने ? सबैलाई थाहा छ, जागीर खाएपछि सरुवा हुन्छ, सरुवा भएको स्थानमा जानुपर्छ । अटेर तब गरिन्छ, जब पक्षपात हुन्छ, विद्रोह तब गरिन्छ, जब ज्यादती हुन्छ । तर सबै समस्याको समाधान वार्ताबाट हुन्छ । किनकि शिक्षक र पालिका भारत र पाकिस्तान त होइनन् नि ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# हराउँदै सनपाटखेती

महोत्तरी, ९ जेठ/रासस

पछिल्लो समय महोत्तरीमा सनपाटखेती हराउँदै जान थालेको छ। करीब दुई दशकअघिसम्म सबैजसो किसानले गर्ने खेती देखिन छाडेको हो। घरायसी प्रयोजनका नाम्ला, दाम्ला, डोरी र ठूलो रस्सा बनाइने र सनपाट बेचेर नगद जोहो गर्ने यो खेती अब जिल्लामा गर्न छाडिएको छ।

जिल्लाको भङ्गाहा नगरपालिका–४ का ७८ वर्षीय दलबहादुर फुयाँलका हातमा अन्य कामबाट फुर्सत मिल्नासाथ अहिले पनि सुत्री कात्ने ढेडुवा (काठको तीन मुख भएको फिरफिरे) हुन्छ। यो काम सनपाटको खेती हुन छाडेपछि केही दशक पहिलेभन्दा केही फरक भएको छ। पहिले आफैँले उत्पादन गरेको सनपाटको सुत्री कात्ने उनी अब भने पाटका बोरा उधिन्दै त्यसको धागो छुट्याएर सुत्री कात्ने गर्छन्।

“पहिले उमेर छँदा टन्न सनपाटखेती गरिन्थ्यो, आफूलाई वर्षभरि चाहिने नाम्ला, दाम्ला, डोरी र रस्सा बनाएर बाँकी बेचिन्थ्यो,” किसान फुयाँलले भने, “अब सनपाट लगाउने आफ्नो शक्ति छैन, गरिआएको काम के गरौं ? बोरा उधिनेर सुत्री कातिन्छ।”

फुयाँल मात्र नभएर मधेसमा पाका उमेरका किसान अन्य कामबाट फुर्सद भएको समय डोरी, दाम्लो र मोटो रस्सा बनाउन ढेडुवा नचाउँदै सुत्री काल्छन्। सुत्री कात्नु उखरमाउलो गर्मीबीच समवयस्क साथीबीच कुराकानी गर्दै आरामका बेलामा गरिने पाका किसानको आम काम देखिँदै आइएको छ। पहिले सनपाटबाट बनाइने सुत्री अब पुराना बोरा उधिनेर कात्नुपरेको अहिले पनि फिरफिरे नचाइरहेका ७५ वर्षीय अशवा चौधरी थारू बताउँछन्।

करीब दुई दशकअघिसम्म जिल्लाका सबैजसो भेगमा धेरथोर सनपाटखेती गरिन्थ्यो। कुत्रिङ, कश्मिरा र पटुवा जातका सनपाटको खेतीबाट आफूलाई आवश्यक पर्ने सुत्री कातेर अरू बेचेर घरखर्चका लागि नगदको जोहो गरिएको सो बस्तीकै चौधरी र फुयाँलका समवयी योगेन्द्र महतो बताउँछन्। “आफ्ना नाडी




गले, गर्न सकिँदैन, छोराहरूले यो खेतीमा ध्यान दिँदैनन्,” किसान महतो भन्छन्, “तैपनि घरका पशुवस्तुलाई चाहिने दाम्ला आफैं पुऱ्याउँ भनेर थोत्रा बोरा उधिन्दै सुत्री कातेको हुँ।” पछिल्ला केही दशकयता हाटबजारमा प्लास्टिकका दाम्ला, नाम्ला र डोरी प्रचुर आउन थालेपछि पछिल्लो पुस्ताका किसानले सनपाट सम्झन नै छाडेका उनको भनाइ छ।

सनपाट घरायसी प्रयोजनका डोरी, नाम्ला, दाम्ला र रस्साका लागि मात्र नभई कागज, बोरा, झोला, कपडा बुन्न उद्योगले किन्ने गर्थ्यो। यसबाहेक असारमा धान रोपाइँ गर्नुअघि खेत हिल्याउँदा सनपाटसहित जोतेर सम्याएपछि मलको आवश्यकता पूरा हुने गरेको किसान सम्झन्छन्। सनपाट छरेको २०–२२ दिन (करीब तीन साता) भएपछि लहलह हुन्थ्यो। असार लाग्नासाथ धान रोपिनुअघि लहलहाएको सनपाटसहितै जोतेर खेत हिल्याइन्थ्यो। पुराना कुरा सम्झँदै बर्दिबास–९ पशुपतिनगरका किसान ६५ वर्षीय महेन्द्र महतो सम्झन्छन्, “जेठ पहिलो साता छरिएको सनपाटसहितै जेठ मसान्ततका खेत जोतेर हिल्याएपछि पाँच–सात दिनमा गलेर मल बन्थ्यो,” उनी भन्छन्, “त्यही मलले धान राम्रो उत्पादन हुन्थ्यो।”

सनपाटखेतीले जग्गाको उर्वराशक्ति बढाउने किसान बताउँछन्। “डाँठ र पात कुहाएर कम्पोस्ट मल हुने र जराका गिर्खाले नाइट्रोजन मल बनाउने हुँदा यो जग्गाको उर्वराशक्ति बढाउन उपयोगी भएको हो,” खेतीपातीबारे लामो अनुभव सँगालेका उनले भने।

सनपाटखेतीका लागि बोट छिप्पिएपछि काटेर गहिरो पानीमा डुबाएर केही दिन गलाउनुपर्छ। पानीमा गलेर डाँठ र पाट छुट्टिने भएपछि पानीको दहमै पिटेर पाट (रेशा) निकालिन्छ। विगतमा महोत्तरीमा लगाइने गरिएका सनपाटमध्ये कुत्रिङ २२ दिन, कश्मिरा तीन दिन र पटुवा १०–१२ दिन पानीमा गलाएपछि चुटेर सफा पार्दै रेशा निकालिन्छ। पछिल्ला केही दशकयता पोखरी, दह र नदीमा पानी सुक्दै गएपछि यो खेतीको प्रचलन पनि सुक्दै गएको किसान बताउँछन्।

सनपाटको रेशा (धागो) सुत्री कात्न र उद्योगलाई बेच्न सकिने र सनठी (डाँठ) दाउरामा प्रयोग गर्ने गरिन्छ। सनपाटको सनठी अत्यन्त प्रज्वलनशील हुने हुँदा गाउँघरमा आगो सल्काउन/जगाउन बचाएर राख्ने पुरानो चलन यताका पाका गृहिणी बताउँछन्। सनठी दीपावली पर्वमा ‘हुक्कालोली’ खेल्न प्रयोग गर्ने मधेसको चलन छ। भूतप्रेत र दुष्ट आत्माहरूको बस्ती र बालीनालीमा आँखा नलागोस् भनेर सनठी बालेर ‘हुक्कालोली’ भन्दै नचाइने यो परम्परालाई खेलकै संज्ञा दिइएको छ। यस प्रयोजनका लागि सनठी जोगाएर राखिने गरेको पुरानो विगत यहाँका पाका किसान सम्झन्छन्।

यो बहुउपयोगी खेती अब जिल्लामा हराउँदै गएको छ। कतैकतै मात्र पुराना किसानले थोरै जग्गामा लगाएका देखिन्छन्। पशुपालक किसानलाई दाम्ला, डोरी चाहिरहने सामग्री हुन्। त्यस्तै पाटको रेशा राम्रो मूल्यमा बिक्री हुन्छ। यो खेतीको अर्को महत्त्वपूर्ण पाटो खेतबारीलाई उर्वर बनाइराख्न मलको आवश्यकता पूरा गर्ने हुँदा मल पाइएन भनेर छट्पटिनु नपर्ने लामो समय कृषि क्षेत्रको सरकारी सेवाबाट निवृत्त भएका भङ्गाहा–६ का बासिन्दा कृषिविज्ञ राजकिशोर यादव बताउँछन्। जमीनको सामान्य चिस्यानमा हुन सक्ने सनपाट खेतीमा किसानलाई उत्प्रेरित गर्नुपर्ने उनको भनाइ छ।

सनपाटखेती गर्मी हावापानीमा हुने गर्छ। छरेको ठीक ४५ दिनमा काट्न तयार हुने यो खेतीका लागि महोत्तरीको माटो र वातावरण अनुकूल भएको कृषि प्राविधिक बताउँछन्। पानीका दह घट्दै गएपछि पाटका लागि यो खेती अठ्यारो हुँदै गए पनि खेतबारीको मलका लागि किसानलाई अझै यो खेती गर्न उत्प्रेरित गरिनुपर्ने औरही नगरपालिकाका कृषि शाखा प्रमुख कविता सङ्ग्रौला बताउँछिन्।

# मधेस प्रदेश सरकारका तीन मन्त्रीले लिए शपथ

जनकपुरधाम, ९ जेठ/रासस




जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको मधेस प्रदेश सरकार विस्तार गरिएको छ।

नेकपा (एमाले) सरकारबाट बाहिरिएको डेढ महीनापछि मङ्गलवार नेपाली काङ्ग्रेस र नेकपा (एकीकृत समाजवादी)सहित सरकार विस्तार गरिएको हो।

मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिशमा काङ्ग्रेसबाट प्रदेश संसदीय दलका नेता कृष्ण यादव र वीरेन्द्रप्रसाद सिंह तथा एकीकृत समाजवादीबाट संसदीय दलका नेता गोविन्दबहादुर न्यौपाने सरकारमा नयाँ जिम्मेवारीसहित सहभागी भए।

काङ्ग्रेसका यादव भौतिक पूर्वाधार तथा विकास, सिंह स्वास्थ्य तथा जनसङ्ख्या र समाजवादीका न्यौपानेलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ।

आज मधेस भवनमा आयोजित एक विशेष समारोहमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रसमक्ष तीनैजना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिए।

केन्द्रमा सत्ता गठबन्धन फेरबदल भएसँगै गत चैत २१ गते नेकपा (एमाले) मधेस प्रदेश सरकारबाट बाहिरिएको थियो।

मधेस प्रदेश सरकारमा सहभागी एमालेका चार मन्त्री र एक राज्यमन्त्रीसहित पाँचजनाले मुख्यमन्त्री यादवसमक्ष सामूहिक राजीनामा दिएका थिए। एक मन्त्री पाउने सहमति भएपनि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सरकारमा सहभागी भएको छैन।

# भुटानी शरणार्थी प्रकरण : दुई दिन म्याद थप

काठमाडौं, ९ जेठ/रासस

जिल्ला अदालत काठमाडौंले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जनालाई दुई दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार आज म्याद थपका लागि अदालतमा पेश गरिएकामा हिरासतमा राख्नका लागि अदालतबाट थप दुई दिन म्याद पाएको हो।

थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकीलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्छ। शरणार्थी प्रकरणमा प्रहरीले पूर्वमन्त्री र बहालवाला सचिवसहित १६ जनालाई पक्राउ गरेको छ।

उक्त घटनामा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, निलम्बित सचिव (पूर्वगृहसचिव) टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजीत राईलाई विभिन्न मितिमा पक्राउ गरी हिरासतमा राखेको छ।

अन्य पक्राउ परेकामा भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद् आङ्टावा शेर्पा, तत्कालीन गृहमन्त्री खाँणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीपसहित केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टङ्क गुरुङ, गोविन्द चौधरी र रामशरण केसी छन्।

पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक, इन्द्रजीत राईका छोरा नीरजसहित १७ जना फरार रहेका भन्दै ३३ जनाविरुद्ध ठगी, सङ्गठित अपराध र राज्यविरुद्धको अपराधमा मुद्दा चलाउनुपर्ने रायसहित सोमवार प्रहरीले आफ्नो प्रतिवेदन सरकारी वकीललाई बुझाइसकेको छ।

उक्त घटनामा ११३ जनाले साढे २७ करोड ठगी भएको भनी २२ बटा जाहेरी प्रहरीमा दर्ता गरेका थिए।



**बाउचा-मैचाको प्रतिमा :** चौतारा साँगाचोकगढी नगरपालिका-५ भिन्तुनाचोकस्थित नेवारी भेषभूषामा बाउचा-मैचा अर्थात् ‘बाबु र नानी’को प्रतिमा । तस्वीरः रासस

# इजाजत नलिई नापतौल यन्त्र प्रयोग गर्नेविरुद्ध मुद्दा दायर

वीरगंज, ९ जेठ/रासस

गुणस्तर तथा नापतौल कार्यालय, वीरगंज, पर्साले इजाजत नलिई नापतौल यन्त्र प्रयोग गर्ने चालू आर्थिक वर्ष २०७९/८० को १० महीनामा रौतहट र चितवनका १८ व्यापारीविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ।

कार्यालयले कम नापतौलमा सामान बिक्री गरेर उपभोक्तालाई ठगी गर्ने तथा इजाजत नलिई कारोबार गर्ने रौतहटका १३ र चितवनका पाँचजना गरी १८ जना व्यापारीमाथि सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरेको गुणस्तर तथा नापतौल कार्यालय, वीरगंजका प्रमुख मनीष दासले जानकारी दिएका छन्।

इजाजत नलिई नापतौल यन्त्र प्रयोग गर्ने रौतहटको पशुपति फेन्सी, माँ लक्ष्मी सुनचाँदी ज्वेलर्स, न्यू प्रिया ज्वेलर्स, रामबलराम ट्रेडर्स, रिसब ट्रेडर्स, बैजु किराना एन्ड जेनरल स्टोर्स, सरोज बिज भण्डार, कृष्णा राइस मिल, बाबा विश्वकर्मा राइस मिल, पप्पु हार्डवेयर एन्ड मेशिनरी, लक्ष्मी हार्डवेयर, रोशन हार्डवेयर र जय बजरङ्गबली ट्रेडर्सविरुद्ध अदालतमा मुद्दा दायर गरिएको प्रमुख दासले बताए।

चितवनको खजुरीको नेपाल प्रालि, खुन्हा एक्सपोर्ट एन्ड इम्पोर्ट प्रालि, प्यासिफिक एक्जिम नेपाल प्रालि, याक ब्रिबिङ कम्पनी प्रालि र याक डिस्टिलरी प्रालिमाथि पनि जिल्ला अदालत चितवनमा मुद्दा दायर गरिएको प्रमुख दासले जानकारी दिए।

अनुगमनको क्रममा जाँच गर्दा इजाजत नलिई कारोबार गर्ने गरेको तथा कम तौलमा सामान बिक्री गर्ने गरेको पाइएपछि ती १८ व्यापारीविरुद्ध एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना मागदाबीसहित अदालतमा मुद्दा दायर गरिएको उनले बताए।

यस्तै, चालू आवको १० महीनामा ४७५ जना व्यापारीले अनुमतिपत्र/इजाजतपत्र लिएको कार्यालयले जनाएको छ।

कार्यालय प्रमुख दासले जानकारी दिए अनुसार सो अवधिमा एक हजार ६२ व्यापारीले नियमित जाँच/नवीकरण र एक हजार १६१ व्यापारीले जरिवाना तिरी नवीकरण गराएका छन्।

ती सबै शीर्षकबाट चालू आवको साउनदेखि वैशाखसम्म रु १,९४,३७१ राजस्व सङ्कलन भएको प्रमुख दासले जानकारी दिए।

सो कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने मधेस प्रदेशका रौतहट, बारा, पर्सा र वाग्मती प्रदेशको मकवानपुर र चितवन जिल्लामा व्यापारीले गैरकानूनीरूपमा प्रयोग गर्ने ढक, तराजु निरुत्साहित गर्न डोर (अनुगमन) गर्दै आएको कार्यालय प्रमुख दासले बताए।

कुनै पनि नापतौल यन्त्र प्रयोग गर्नुपूर्व खरीद गरेको ३५ दिनभित्र नजीकको गुणस्तर नापतौल कार्यालयबाट अनुमति लिइसक्नुपर्ने कानूनी व्यवस्था छ।

# कामीरिता शेर्पा २८औं पटक सगरमाथामा

काठमाडौं, ९ जेठ/रासस

पर्वतारोही कामीरिता शेर्पाले सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम गरेका छन्। आज बिहान ९:२३ बजे सगरमाथाको चुचुरोमा पुगेसँगै उनले २८औं पटक सगरमाथाको सफल आरोहण गरेका हुन्।

योसँगै उनले सबैभन्दा बढी सगरमाथा आरोहण गर्ने आफ्नै कीर्तिमान तोडेका छन्। यो वर्षको वसन्त ऋतुमा उनको यो दोस्रो आरोहण हो। यस अघि जारी सिजनमा यही मे १७ मा उनले २७औं पटक सगरमाथा आरोहण गरेका थिए।

कामीरिताले सन् २०२२ को वसन्त आरोहणमा रोप फिक्सिङका क्रममा २६औं पटक सगरमाथा आरोहण गरेका थिए। खुम्बु पासाङ्ल्हामु गाउँपालिका, थामेका ५३ वर्षीय कामिरिताले सबैभन्दा धेरैपटक सगरमाथा आरोहणसँगै आठ पटक चोयु, तीनपटक मनास्लु, एकपटक ल्होत्से, केटु आरोहण एक गरी ४० पटक विश्वका अग्ला हिमालको आरोहण गरिसक्नुभएको छ।

सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरो पुगेका कामीरिताको नाममा ८००० मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ। यही याममा पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाएका छन्।

सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीले पाएको थियो। वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन्। पर्यटन विभागका अनुसार ४४ आरोही समूहका ४७८




आरोहीले आरोहण अनुमति लिएका हुन्। सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो वर्ष सबैभन्दा बढी आरोही सङ्ख्या पुगेको हो।

# गणतन्त्र दिवस विशेष : सङ्घीयता कार्यान्वयनका अड्चन

विचार



तीर्थमान शाक्य

**मुलुकमा सुशासन कायम गर्न घरपरिवारबाटै शुरू गर्नुपर्ने हुन्छ । मानिसलाई आध्यात्मिक चेतनाको जागृत गराउन आवश्यक छ । त्यसैले अभिभावकहरूले भोलिको पुस्तामा देशप्रेमको भावना ल्याउन छोराछोरी, नातिनातिनाहरूलाई बाल्यकालदेखि नै आआफ्नो धर्म परम्परा अनुसार महीनामा दुई/चार पटक धार्मिक आस्थाका केन्द्रहरूमा लगेर धार्मिक चेतना जागृत गराउन आवश्यक छ ।**

नेपालको संविधान २०७२ ले नेपालको शासकीय प्रणालीमा आधारभूत परिवर्तनको परिकल्पना गरेको छ । शताब्दीयौंदेखिको केन्द्रीकृत शासन विकेन्द्रित र सङ्घीयता ढाँचामा रूपान्तरण भएको छ । भारतमा सङ्घीयता कार्यान्वयन भएको देखासिकी नेपालमा पनि नेपाली काङ्ग्रेसले सङ्घीयताबारे २००७ सालदेखि नै आवाज उठाए पनि त्यति महत्त्व दिएको थिएन । विशाल भूभाग र ठूलो जनसङ्ख्या भएको कारण भारतका लागि सङ्घीयता आवश्यकता थियो र यसको माध्यमबाट आज भारतले आर्थिक विकासमा फड्को मार्न पनि सकेको छ । खासगरी तत्कालीन नेकपा (माओवादी)ले सशस्त्र द्वन्द्व गरेपछि नै गणतन्त्रसँगै सङ्घीयतामा अन्य राजनीतिक दलहरू पनि सहमत भई यसलाई कार्यान्वयनमा ल्याइएको हो ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहसहित तीन तहको सरकारको व्यवस्था गरेको छ । तीन तहका सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानमा गरिएको छ । यी तीन तहका सरकारहरूको एकल र साझा अधिकारको सूची पनि संविधानले नै तोकेको छ । संविधानको अनुसूची ५ मा सङ्घका ३५ अधिकारको सूची दिइएको छ भने अनुसूची ६ मा प्रदेशका २१ अधिकारको सूची छ । अनुसूची ८ मा स्थानीय तहका २२ अधिकारको सूची छ ।

यस्तै, अनुसूची ७ मा सङ्घ र प्रदेशका साझा २५ र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा १५ अधिकारका सूची छन् । यसरी प्रत्येक तहका एकल र साझा अधिकारका माध्यमद्वारा स्वशासन र साझा शासनको व्यवस्था संविधानले गरेको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको विस्तृतीकरण गरेको छ । यद्यपि धेरै अन्योल र अस्पष्टता बाँकी नै रहँदा अहिले यसको आवश्यकता र औचित्यमाथि प्रश्न गर्न थालिएको छ ।

सङ्घीयताको भावना अनुसार काम हुन नसकेको आम टिप्पणी हुन थालेको छ । सङ्घले त साबिक अनुसार नै काम गरेको छ । प्रदेशलाई अनुभव नहुँदा अल्मलियो । पहिलेका तीन हजार ९१३ गाविसलाई ७५३ पालिकामा ल्याइयो । संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँट गरी तीनै तहलाई कानून बनाउने अधिकार पनि प्रदान गऱ्यो तर कानून बनाउने जिम्मेवारी वकीललाई दियो । कानून सही ढङ्गबाट तर्जुमा भएको छैन । उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा न्यायिक समिति गठन भयो । एक त उनीहरूसँग राम्रो कानूनी ज्ञान छैन, अनि पालिकाको प्रमुख नै गाउँ/नगरसभाको अध्यक्ष भयो । कार्यकारी र व्यवस्थापिका प्रमुख एउटै व्यक्ति हुँदा कानूनको शासन हुन सकेन । स्थानीय सरकार कार्य सञ्चालन ऐन तर्जुमा गर्दा पहिलेकै जस्तो बनाइयो । संविधानले परिकल्पना गरेजस्तो कानून आउन सकेन । अहिले वडालाई पनि बजेट दिइयो, तर स्थानीय पालिकाहरूले जनसेवाको काम गर्नुपर्नेमा स्वागतद्वार, भ्युटावर, रङ्गशाला निर्माण र विलासी गाडी चढ्न थालेका छन् ।

गाउँगाउँमा सिंहदरबार भने पनि जनताले त्यसको सही अनुभूति गर्न पाएको छैन । यसले गर्दा संसद्भित्र सङ्घीयताविरुद्ध आवाज उठाउनेहरू नै जनताबाट निर्वाचित भएर आउन थाले । प्रदेश संरचना चाहिन्न भन्ने जनमत बढ्न थालेको छ । नेपालको संवैधानिक इतिहासमा करीब १० वर्षको अन्तरमा नयाँ संविधान आउने गरेको छ । वर्तमान संविधान आएको पनि लामो समय भएको सन्दर्भमा यसमा परिमार्जन गरिनुपर्ने माग विभिन्न कोणहरूबाट उठ्न थालेको छ ।

सङ्घीयता बचाउने हो भने कर्मचारीतन्त्र इमानदार हुन आवश्यक छ । २०४१ सालमा ल्याइएको विकेन्द्रीकरण ऐनको पनि कार्यान्वयन सहीरूपमा हुन सकेको थिएन । कर्मचारीको पदस्थापनमा पनि उसको विशेषज्ञता र इमानदारितालाई ध्यानमा राख्नुपर्नेमा अहिले त्यो सेलाउँदै गएको छ र पटकपटक सरुवा गर्ने प्रचलन बढ्दै गयो । यी सबै घटनाक्रम र उथलपुथलले कर्मचारीहरू बिस्तारै 'एस पर्सन' बन्दै गएका छन् । निजामती सेवालाई सशक्त बनाउनका लागि कर्मचारीहरूको मनोबल दऱ्हो र उच्च राख्नुपर्नेमा अहिले त्यसको ठीकविपरीत भएको छ । म मुख्य सचिव भएको बेला मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भनेको थिएँ कि अधिकार तल दिन चाहने हो भने रक्षाबाहेक अन्य २५ वटा मन्त्रालयलाई पाँच विकास क्षेत्रमा पाँच/पाँचवटाका दरले राखौं । हरेक महीना एक/एक विकास क्षेत्रमा मन्त्रिपरिषद्को बैठक राखौं ।

अहिलेका एक लाख कर्मचारीमध्ये ४० प्रतिशत केन्द्रमा राखेर ६० प्रतिशत प्रदेश र स्थानीय तहमा पठाउनुपर्थ्यो तर कर्मचारी प्रदेश र स्थानीय तहमा जान चाहेनन्, गएकाहरू उपेक्षित भएको महसूस गर्न थालेका छन् । सङ्घीयताले सुशासन बिगारेको होइन । सुशासन नहुनुमा कर्मचारीको सही व्यवस्थापन गर्न नसक्नु मुख्य कारण हो । राजनीतिक अस्थिरतासँगै कर्मचारीतन्त्र पनि अस्थिर बन्न पुग्यो । यसले गर्दा सुशासन हुन सकेन । अहिले हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप हाबी भएको छ । अनावश्यक राजनीतिक हस्तक्षेपले मुलुक अधोगतितर्फ गएको छ । यस्तो हस्तक्षेप बन्द हुनुपर्छ । विकास र समृद्धि राजनीतिक दलहरूको साझा मुद्दा बन्नुपर्छ । सुशासन कायम गर्न सरकार दत्तचित्त हुनुपर्छ ।

नेपालमा सङ्घीयता राजतन्त्रका विरुद्ध माओवादी विद्रोहीसहित प्रमुख राजनीतिक दलद्वारा सञ्चालित जनान्दोलनको उत्कर्षपछि मधेस आन्दोलनले उठाएका राजनीतिक मुद्दाहरूलाई सम्बोधन गर्ने क्रममा मूर्तरूपमा लिपिबद्ध हुन पुगेको हो । हामीले २००७ सालदेखि राजनीतिक कुरा गर्न थाल्यौं । २००७ सालमा राणाशासन हटाउन राजासँग मिलेर आन्दोलन गर्ने राजनीतिक दलहरूलाई नै पछि राजाले प्रतिबन्ध लगाए । २०१३ सालपछि विदेशी लगानी आउन थाल्यो । २०१७ सालपछि नियन्त्रित समाजमा 'कन्ट्रोल इकोनोमी' भयो । २०४७ पछि सबै खुला गऱ्यौं । सबै स्वतन्त्र भयौं । २०५२ सालदेखि माओवादी द्वन्द्वले गाउँमा सरकारको उपस्थिति हुन सकेन ।

जनान्दोलनको बलमा २०४७ सालमा संविधान आयो तर संविधान अनुसार धेरै कानून बन्नुपर्ने थियो । ती कानून नबन्दै संविधान फेरियो । कुन विदेशी सहयोग केका लागि लिने भन्ने योजना नहुँदा जे पनि, जस्तो पनि लिने र उनीहरूकै योजना अनुसार चल्न खोज्दा केही सुधार हुन सकेन । हाम्रो माटो अनुसार काम भएन । २०४६ देखि २०७६ सालसम्मको ३० वर्षको अवधिमा २८ वटा सरकार बने । मन्त्री फेरिएसँगै सचिव फेरिने क्रम स्थापित बन्यो । मन्त्रालयको काम मन्त्री वा सचिवलाई नै थाहा हुन छाड्यो ।

विभिन्न आन्दोलनहरूले उपेक्षित वर्गलाई आफ्नो अधिकारबारेमा उजागर गरिदियो । दुई छाक पनि राम्ररी खान नपाएकामा ठूलो महत्त्वाकाङ्क्षा बढायो । देशमा अवसर नभएपछि विदेश जाने क्रम बढ्न थाल्यो । जनताको पसिना बेचेर देश चलाउन थाल्यौं । नेपालीपनलाई जगेर्ना गर्न खोजेनौं । योजना आयोगमा बस्नेहरू पनि विभिन्न देशमा पढेर आएका हुने र उनीहरूले त्यही देश अनुसारको योजना बनाउन खोज्दा आवश्यकता एकातिर लगानी अर्कोतिर जस्तो भयो । हामीले हाम्रो मौलिकतालाई देखाएनौं । यी विभिन्न कारणहरूले जनतामा शासन प्रणालीप्रति नै वितृष्णा बढ्न थालेको छ । सङ्घीयता बचाउने हो भने समयमैं यसका पक्षधरहरू एकजुट भई काम गर्नैपर्छ । अन्यथा विश्वका कतिपय देशहरूमा जस्तै सङ्घीयताबाट मुलुक पुनः केन्द्रीयकरणतर्फ नजाला भन्न सकिन्न ।

भ्रष्टाचार नियन्त्रण गर्नुभन्दा पनि भ्रष्टाचार किन भयो भनी अध्ययनको खाँचो छ । धेरै कारणमध्ये कर्मचारीको तलब अति नै न्यून हुनु पनि एउटा हो । अहिले भएका बिदा, सवारीसाधन, औषधि उपचार तथा अन्य सुविधा घटाएर धेरै काम लगाउने र पारिश्रमिक पनि पाँच गुना बढाउनुपर्ने देखिन्छ । कर्मचारी र यसका परिवारको बीमा गराउन सकिन्छ । निवृत्तिभरणलाई पनि योगदानमा आधारित गरौं भन्ने मेरो प्रस्ताव थियो । बल्ल अहिले निवृत्तिभरण चाहिं योगदानमा आधारित गर्न थालिएको छ ।

कर तिर्न बाध्यकारी नगरी स्वयंसेवा गरौं, तेस्रो पक्षलाई ठेक्कामा पनि दिन सकिन्छ । बढी कर तिर्नेलाई राज्यले पुरस्कार, पदक प्रदान गरी उच्च कदर गर्न सक्छ । उनीहरूले तिरेको रकमका आधारमा विशेष सम्मान, सहुलियत, सुविधा र आवश्यक परे सुरक्षाकर्मी दिन सकिन्छ । अहिले सरकारी तलब पनि खाने अनि पदक, सम्मान, सुविधा पनि आफैं लिने काम भएको छ । पहिले सुशासन भएन भनेर शासन प्रणाली फेरियो तर सुशासन हुन सकेन ।

मुलुकमा सुशासन कायम गर्न घरपरिवारबाटै शुरू गर्नुपर्ने हुन्छ । मानिसलाई आध्यात्मिक चेतनाको जागृत गराउन आवश्यक छ । त्यसैले अभिभावकहरूले भोलिको पुस्तामा देशप्रेमको भावना ल्याउन छोराछोरी, नातिनातिनाहरूलाई बाल्यकालदेखि नै आआफ्नो धर्म परम्परा अनुसार महीनामा दुई/चार पटक धार्मिक आस्थाका केन्द्रहरूमा लगेर धार्मिक चेतना जागृत गराउन आवश्यक छ । अबको २० वर्षपछि २१औं शताब्दीको अन्त्यसम्ममा नेपालीलाई हामी नेपाली हो, हामीले नै नेपाल बनाउनुपर्छ भन्ने विश्वास र आशा दिलाउन आवश्यक छ । नाम भएमा दाम आउँछ, दाम भएर पनि नाम नआउन सक्छ । नाम ठूलो कुरा हो, दाम जहिले पनि कमाउन सकिन्छ भन्ने भाव हरेक नेपालीमा आउन नसकेसम्म सुशासन, भ्रष्टाचार नियन्त्रण जस्ता कुरा गर्नुको कुनै अर्थ हुँदैन ।

(२०२८ सालमा सर्वोच्च अदालतको शाखा अधिकृत पदबाट सरकारी सेवा शुरू गरेका तीर्थमान शाक्य कानून सुधार आयोगको कायममुकायम सचिव, कानून मन्त्रालयमा सचिवसहित लामो समय निजामती सेवामा रही मुख्यसचिव बनेका थिए । सेवानिवृत्त भएपछि २०६१ देखि २०६५ सम्म लोकसेवा आयोगको अध्यक्ष बने ।

नेपाल ल सोसाइटीका अध्यक्ष शाक्य कानूनी क्षेत्रको विज्ञका रूपमा विभिन्न अध्ययन–अनुसन्धानमा संलग्न छन् । संविधान र प्रशासन सुधारका क्षेत्रमा सरकारलाई उनले महत्त्वपूर्ण सुझाव दिएका छन् । प्रस्तुत विचार मुलुकको शासकीय परम्परामा युगान्तकारी प्रशासनिक रूपान्तरणको आवश्यकता देख्ने शाक्यसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेका कुराकानीका आधारमा तयार गरिएको हो ।)



**कालोपत्र सडक अनुगमन:** पूर्वाधार विकास कार्यालय, भोजपुर अन्तर्गत धनकुटामा निर्माण भइरहेको बिहीवारे हटिया–कर्मीटार–बन्चरे–तेलिया–परेवादिन–शुक्रवारे–तेन्हथुम सडकको अनुगमन गर्दै पूर्वाधार विकास कार्यालय, भोजपुरका प्रमुख राजेश्वर महतो । कोशी प्रदेश सरकारको रु ५६ करोड ५२ लाख सम्झौता लागतमा यो सडक कालोपत्र थालिएको छ । सडकलाई गुणस्तरीय बनाउन कार्यालयले प्राविधिक टोलीसहित निर्माण भइरहेको सडकको कोर कटर मेसिनको सहायताले ल्याब परीक्षणसमेत गरेको छ । परीक्षणको क्रममा सडक तोकिएको मापदण्ड अनुसार निर्माण भइरहेको देखिएको कार्यालयको भनाइ छ । तस्वीरः रासस

## फरक समाचार

# गगनचुम्बी भवनका कारण धर्ती धस्दै

अमेरिकाको न्युयोर्क शहरको जमीन त्यहाँ बनेका गगनचुम्बी भवनको दबाबको कारण हरेक वर्ष थोरबहुत धसिरहेको छ । यसभन्दा पहिले सन् २०२० मा सैन फ्रान्सिस्कोमा पनि यस्तै देखिएको थियो, जब मिलेनियम टावरलाई झुक्न र जमीनमा धस्नबाट बचाउन १० करोड डलरको प्रोजेक्ट शुरू गरिएको थियो ।



न्युयोर्क शहरको यो घटनापछि नयाँ बहस शुरू भएको छ । एउटा अध्ययनले कुनै शहर डुब्नको लागि भारी वजन कति हदसम्म जिम्मेवार छ भनेको छ । सैन फ्रान्सिस्कोको मिलेनियम टावर झुक्ने र जमीनमा धस्नबाट रोक्नको लागि सन् २०२० को अन्त्यसम्म एउटा ठूलो परियोजनामाथि काम शुरू भएको थियो । गगनचुम्बी भवनमा बस्नेहरूले थाहा पाएका थिए कि ५८ तले एउटा भवन एक दशकमा १६ इन्चसम्म धसेको थियो । वैज्ञानिकहरूका अनुसार कुनै मिनार वा कुनै शहर धस्ने समस्या सानोतिनो होइन । यो केवल खाडी वा तटीय क्षेत्रसँग सम्बन्धित समस्या होइन । अग्ला र ठूल्ठूला भवनहरू जमीनमा धसिरहेका छन् भने अर्कोतर्फ ग्लेशियर तीव्र गतिले पग्लिंदा समुद्रको स्तरमा लगातार बढोत्तरी भइरहेको छ ।


जर्नली एजियु एडभान्सेजमा प्रकाशित अध्ययन अनुसार शहरीकरणको बोझले शहरलाई डुबाउन कति योगदान दिन्छ । शहरको जमीन धस्नु एउटा भूगर्भीय घटना हो, जसलाई ल्यान्ड सबसिडेन्स पनि भनिन्छ । अध्ययनका लेखक अनुसार भूमि क्षरणका थुप्रै कारणमध्ये एउटा शहरीकरण पनि हो । यसको प्रभाव बढिरहेको छ किनभने बढीभन्दा बढी मानिस शहरतर्फ बसाइँ सर्दैछन् । यस्तोमा कम विकसित क्षेत्रको तुलनामा घना आबादी भएको विकसित शहर चाँडै डुब्ने आशङ्का छ । वर्तमान समयमा विश्वको लगभग ५० प्रतिशत जनसङ्ख्या शहरमा बस्छ । सन् २०५० सम्म यो ७० प्रतिशतसम्म बढ्ने अनुमान छ ।

युएस जियोलोजिकल सर्भेका सिस्मोलोजिस्ट र यस शोधका लेखक टम पार्सन्सले सैन फ्रान्सिस्कोको बे क्षेत्रको अध्ययन गरेका थिए । उनको अनुमान छ कि सैन फ्रान्सिस्को क्षेत्रका सबै भवनको सामूहिक वजन लगभग १.६ ट्रिलियन किलोग्राम वा ३.५ ट्रिलियन पाउन्ड छ । जसैजसै समयको साथ शहरको विकास भयो, भूमि ८० मिलिमिटर वा तीन इन्चभन्दा बढी डुबेको थियो । पार्सन्स भन्छन्– यो एउटा पारम्परिक अनुमान हो । यद्यपि कुनै पनि शहरमा हरेक वस्तुको वजनको अनुमान लगाउन निकै गाऱ्हो छ । उनले भने– शहरमा मौजुद अधिकांश सामान भवनभित्र रहन्छन् ।

पार्सन्सले सैन फ्रान्सिस्को खाडी क्षेत्रमा हरेक भवनको उचाइ र आधार प्रोफाइलबारे सार्वजनिक तथ्याङ्क उपयोग गरेर आफ्नो मोडेलको गणना गरे । उनले मोडेलमा सडक, पुल र अन्य निश्चित संरचना र त्यहाँ बस्ने मानिसहरूलाई सामेल गरेनन् । उनको भनाइ छ, ठूल्ठूला भवनको दबाबले नै क्षेत्रलाई डुब्नमा योगदान दिन काफी छ । यस अध्ययनभन्दा पहिले सन् २०१८ मा एउटा शोध गरिएको थियो, जसमा सैन फ्रान्सिस्को वरपर ७० लाखभन्दा बढी आबादी भएको घना आबादी तटीय इलाका हरेक वर्ष दुई मिलिमिटरको दरले डुबिरहेको छ भने त्यस्तै केही इलाका १० मिलिमिटरको दरले बर्सेनि डुबिरहेका छन् ।

# आँखा खराब भएपछि दिमागसम्बन्धी समस्या बढ्छ

हाम्रो शरीरको सबैभन्दा महत्त्वपूर्ण इन्द्रिय दृष्टि हो र यसले हाम्रो दिमागको प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । मानिसको आँखामा थुप्रै कम्पोनेन्ट हुन्छन्, जसले एकैसाथ काम गरेर चित्र बनाउँछ र मस्तिष्कमा पठाउँछ । मस्तिष्कले यसलाई विश्लेषण गरेर बुझ्छ ।



दिमागले कुनै प्रकारको चित्रको जानकारी बुझ्न पूर्णरूपमा आँखाको स्वास्थ्यमाथि निर्भर गर्छ । यसै कारण जब हाम्रो आँखा बिग्रिन थाल्छ, तब हामीलाई न्युरोजिकल डिसअर्डर पनि हुन सक्छ र यसबाट दिमागमाथि असर पर्छ । हाम्रो आँखा अप्टिक नर्भको माध्यमबाट दिमागसँग सम्पर्क गर्छ । यो नर्भले आँखाको माध्यमबाट दिमागमा सिग्नल पठाउँछ, जसले गर्दा भिजुअल इन्फर्मेशन प्रोसेस हुन सकोस् ।

यदि अप्टिक नर्भ क्षतिग्रस्त हुन्छ भने यसबाट भिजुअल इन्फर्मेशन प्रोसेस गर्न समस्या हुन्छ र दिमागको बुझ्ने क्षमतामाथि असर पर्छ । अप्टिक नर्भ क्षतिग्रस्त हुनुका थुप्रै कारण हुन सक्छन्, जस्तै ग्लुकोमा, स्ट्रोक वा ट्रामेटिक ब्रेन इन्जुरीका कारण दिमागलाई भिजुअल प्रोसेस गर्न समस्या हुन सक्छ ।

**१) ब्रेन फक्शन कम हुन्छः** आँखाको स्वास्थ्य खराब भएपछि मस्तिष्कको क्रिया कम हुन्छ किनभने भिजुअल इनपुट कम हुन्छ । यदि तपाईंको आँखा सही ढङ्गले काम गरिरहेको छैन भने दिमागले भिजुअल इन्फर्मेशनलाई सही ढङ्गले प्राप्त गर्न सक्दैन र अप्टिकल लेभलमाथि कार्य गर्न सक्दैन । यसै कारण कोग्निटिभ डिसफंक्शन, मेमोरी इन्पेयरमेन्ट आदि समस्या हुन्छन् ।

**२) न्युरोडिजेनेरेटिभ रोगको खतराः** अल्जाइमर र पार्किन्सनजस्तो न्युरोडिजेनेरेटिभ बिमारीलाई खराब आँखाको स्वास्थ्यसँग जोडिएको हुन्छ । शोध अनुसार मोतीबिन्दु, ग्लुकोमा र उमेरसँग सम्बन्धित आँखाको समस्याले न्युरोडिजेनेरेटिभ स्थिति विकसित हुने जोखिम बढ्न सक्छ ।

**३) भिजुअल प्रोसेस गर्न समस्याः** आँखाको खराब स्वास्थ्यको कारण दृश्य प्रसंस्करणमा समस्या हुन्छ, जसबाट मस्तिष्कलाई प्राप्त हुने दृश्य जानकारीको व्याख्या गर्न गाऱ्हो हुन्छ । यो समस्याको समाधान, दृश्य–स्थानिक जागरूकता र समन्वयसहित मस्तिष्कका कैयौं पाटोलाई प्रभावित गर्न सक्छ ।

**४) डिप्रेशनः** एक अध्ययन अनुसार खराब दृष्टि भएको व्यक्तिलाई एएमडी, मोतीबिन्दु, ग्लुकोमाजस्तो आँखा समस्या छ भने डिमेन्शिया वा अल्जाइमर रोगका लक्षण देखिन्छन् । यसबाट अवसाद पनि हुन्छ र मानसिक स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पार्छ ।

**५) भेस्टिबुलर विकारः** दृष्टि र सन्तुलनसम्बन्धी मुद्दा छ भने आँखाले सही ढङ्गले काम गर्दैन, जसले गर्दा शरीरको सन्तुलन प्रभावित हुन्छ । यसबाट भेस्टिबुलर विकार हुन्छ ।

**६) माइग्रेनः** दृष्टिवैषम्य र क्रोनिक ड्राइ आई सिन्ड्रोमजस्ता केही आँखाको स्थितिले माइग्रेनलाई ट्रिगर गर्न सक्छ । माइग्रेनले मस्तिष्कको कार्यलाई प्रभावित गर्छ । यसबाट व्यवहार बदलिने, दृश्य गडबडी, एकाग्रतामा कमी र संज्ञानात्मक समस्या जन्मन सक्छन् ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युद्धविराम प्रारम्भ भयो तर युद्ध रोकिएन



ब्यानर मार्फत् युद्ध विरामको माग गर्दै खार्तुम प्रान्तका स्थानीय । तस्वीरः एएफपी

खार्तुम, ९ जेठ/एएफपी

मानवीय सहायताका कार्यसम्पादन गर्न तथा देश छाडेर सुरक्षित स्थानमा जान चाहनेहरूका लागि अवसर दिने उद्देश्यले लागू गरिएको युद्धविरामको अवधि प्रारम्भ भएपनि युद्ध भने नरोकिएको स्थानीय प्रत्यक्षदर्शीले बताएका छन् ।

राजधानी खार्तुमका साथै वरपरका क्षेत्रमा हवाई हमला र झडप जारी रहेको उनीहरूले जनाएका छन् । यसअघिका युद्धविराम सम्झौता पूर्णतः कार्यान्वयन नभएकाले आजदेखि प्रारम्भ हुने युद्धविरामका बेला पनि झडप नहोला भन्नेमा सुडानीहरू विश्वस्त हुन सकेका छैनन् ।

नर्वेली शरणार्थी परिषद्का कार्ल स्केम्बरीले आधिकारिक घोषणालाई युद्धरत पक्षले बेवास्ता गर्दै गोली प्रहार र बमबारीका घटना जारी राखेका तथा त्यसले लाखौं नागरिकको ज्यान जोखिममा पारेको ट्वीटरमा लेखेका छन् । विगतका वाचा पालना नहुँदा मानवीय सहायताकर्मी, बालबालिका र अन्य मारिएका तथा अस्पतालहरू ध्वस्त भएकामा उनले दुःख व्यक्त गरेका छन् ।

अप्रिल १५ देखि सुडानका सैन्य प्रमुख अब्देल फताह अल बुरहानको नेतृत्वमा सेना र उनका पूर्वसहायक मोहम्मद हमदान डगालो नेतृत्वको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको युद्धमा एक हजारभन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी घाइते भएका छन् । दश लाखभन्दा बढी भाग्न बाध्य भएका छन् ।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररूपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो । बुरहान र डगालोबीच आरएसएफलाई सरकारी सेनामा समाहित गर्ने विषयमा पनि सहमति नहुँदा आपसी मनामालिन्य बढेको छ ।

सुडानमा नागरिक शासन कसरी पुनर्स्थापना गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ । रासस

## सोमालिया, इथियोपिया र केन्याका ७० लाख बालबालिका कुपोषणको शिकार

संयुक्त राष्ट्रसङ्घ, ९ जेठ/सिन्ह्वा

अफ्रिकी मुलुकहरू सोमालिया, इथियोपिया र केन्याका पाँच वर्षमुनिका ७० लाख बालबालिका कुपोषणको शिकार भएका राष्ट्रसङ्घीय बालकोषले जनाएको छ ।

ती तीन देशका बालबालिका भोकमरी, विस्थापन, शुद्ध पेयजलको अभाव र असुरक्षाको अकल्पनीय समस्या झेल्न बाध्य भएका छन् । उक्त विश्व स्वास्थ्य संस्थाले पाँच वर्षमुनिका ७० लाखभन्दा बढी बालबालिका कुपोषणको शिकार भएका बताउँदै तत्काल पोषण सहायता उपलब्ध नभए थप १९ लाख बालबालिका कुपोषणको जोखिममा पर्ने चेतावनी दिएको छ ।

अघिल्ला तीन वर्षमा लगातार परेको खडेरीका कारण ती मुलुकका समुदायले ठूलो हैरानी बेहोर्नुपरेको, गाईवस्तुको ज्यान गएको, अन्नबाली उत्पादन शून्यप्रायः भएको र त्यसले जीविकोपार्जनमा कष्ट मात्र थपेको पूर्वी र दक्षिण अफ्रिकाका लागि कोषका क्षेत्रीय निर्देशक मोहमद फलले बताए । रासस

## छात्रावासमा आगो लाग्दा १९ जनाको मृत्यु

जर्जटाउन, ९ जेठ/एएफपी

दक्षिण अमेरिकी देश गुयानाको एक विद्यालयको छात्रावासमा आगो लाग्दा १९ जनाको मृत्यु भएको छ । कुनै व्यक्तिले रिसको झोंकमा छात्रावासमा आगो झोसेको हुन सक्ने अनुसन्धानकर्मीले बताएका छन् ।

११ र १२ तथा १६ र १७ वर्षका किशोरीको आवासमा क्षति भएको बताउँदै प्रहरीले नियतवश कसैले भवनमा आगो लगाएको प्रारम्भिक अनुसन्धानले देखाएको जनाएको छ । गुयानाका प्रहरी आयुक्त क्लिफ्टन हिकेनले “दुर्भावनाबाट प्रेरित भएर छात्रावासमा आगो लगाइएको प्रारम्भिक अनुसन्धानले देखाएको छ, हाम्रो अनुसन्धान जारी छ” पत्रकारमाझ भनेका छन् । अहिलेसम्म कुनै संदिग्धको पहिचान भएको छैन ।

आगजनीमा परी १४ जनाको घटनास्थलमैं मृत्यु भएको तथा पाँचजनाको महदिया जिल्ला अस्पतालमा मृत्यु भएको छ । सरकारले यसअघि देशको मध्य भागमा रहेको महदिया माध्यमिक विद्यालयमा भएको आगलागीमा २० जनाको मृत्यु भएको बताएको थियो ।

ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भएको गुयाना खनिज स्रोतमा विश्वमैं अब्बल मानिन्छ ।अङ्ग्रेजी राष्ट्रभाषा भएको यो देशको जनसङ्ख्या आठ लाख छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुपराजय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## हत्या गर्न प्रयास गरेको आरोपमा तीनजनामाथि मुद्दा

प्रस, रौतहट, ९ जेठ/

राजदेवी नगरपालिका वडा नं १ पथरा टोलकी मनीषा यादवलाई हत्या गर्न प्रयास गरेको आरोपमा तीनजनामाथि जिल्ला प्रहरी कार्यालय, रौतहटले मुद्दा दर्ता गरेको छ ।

मनीषा यादवका ससुरा जीतेन्द्र यादव, पति रमेश यादव र नन्द रिङ्कु यादवमाथि मुद्दा दर्ता भएको हो ।

ससुरा, नन्द र पतिसमेतले मनीषको हत्या प्रयास गत बिहीवार दिउँसो २ बजे गरेको पीडित पक्षले बताएको छ ।

ससुरा जीतेन्द्र यादव, पति रमेश यादव, नन्द रिङ्कु यादवसमेतले पीडित मनीषालाई निर्घात कुटपिट गर्दा बेहोश भएपछि घरका सदस्यहरू भागेपछि घरमा कोही नभएको हल्ला चलेपछि पीडितका भिनाजु सोनु यादव घरमा जाँदा साली मनीषा बेहोश फेला पारेका थिए । बेहोश सालीलाई तत्कालै उपचार गराउन गौर अस्पताल ल्याएपछि घटनाको रहस्य बाहिर आएको हो ।

विगत चार वर्षअघि पति रमेश यादवसँग मनीषाले आफ्नो घरपरिवारको असहमतिमा प्रेमविवाह गरेकी थिइन् ।

सो क्रममा दुई वर्षसम्म वैवाहिक जीवन राम्रै बित्दा पनि सासूससुराले विरोध गर्दै आएका थिए ।

दाइजो नदिएको भन्दै सासूससुराले बारम्बार छोरा रमेशलाई अर्को बिहे गर्न


घाइते मनीषा यादव । तस्वीरः प्रतीक

दबाब दिंदै दाइजो र बुहारी पनि राम्रै आउँछ भन्दै मनीषालाई छोडेमा केही हुँदैन भन्दै दोस्रो बिहेको लागि छोरा रमेशलाई दबाब दिएका थिए ।

त्यसपछि रमेशले पत्नी मनीषालाई अपहेलित गर्न शुरू गरे । डेढ वर्षयतादेखि रमेशले ‘तिमी मेरो पत्नी होइनौ, सम्बन्धविचच्छेद गर नत्र म आफैं सम्बन्धविचच्छेदको मुद्दा दिन्छु’ भन्दै धम्क्याउन थालेका थिए ।

अहिले रौतहट जिल्ला अदालतमा सम्बन्धविचच्छेद तथा अन्य मुद्दाहरू विचाराधीनमा रहेको पीडित मनीषाले बताइन् ।

## भारुसहित एकजना पक्राउ



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ९ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले स्रोत नखुलेको प्रतिबन्धित भारु एक लाख ७३ हजारसहित एकजनालाई पक्राउ गरेको छ ।

सोमवार वीरगंज महानगरपालिका–१६ रजतजयन्तीचोकबाट प्रहरी चौकी इनर्वाले चेकजाँचको क्रममा भारत, रक्सौलबाट ना.२प १११३ नम्बरको मोटरसाइकलमा वीरगंज आइरहेका कलैया उपमहानगरपालिका–१८ मोतिसर बस्ने ५४ वर्षीय मेहीलालप्रसाद साहलाई चेकजाँच गर्दा उनको साथबाट स्रोत नखुलेका प्रतिबन्धित भारु एक लाख ७३ हजार नौसय बरामद भएको जिप्रका, पर्साले जनाएको छ ।

साहलाई कारबाईको लागि आज राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।

### ठोरीमा पार्क उद्घाटन ...

पार्क निर्माण भएको हो ।

शेरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडाध्यक्ष शम्भु खड्का, बोर्ड सदस्य प्रीतमाया विक, वडा सदस्य टीकाबहादुर श्रेष्ठ, जुनबहादुर श्रेष्ठ, शिक्षक सूर्यबहादुर खड्का, राजेश लामालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण खड्गबहादुर श्रेष्ठ (प्रताप)ले गरेका थिए ।


### सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नोनजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

बहुदरमाई नगरपालिका
कार्यपालिकाको कार्यालय, पर्सा



### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A36FX0MCJ81070, इन्जिन नं JLXCMJ28742 भएको मधेस प्रदेश–०३–०२८ प २३६१ नम्बरको बजाज कम्पनीको २०० सिसीको पल्सर NS 200 (सन् २०२२) खैरो रङ्को मोटरसाइकल २०७९/१२/२३ गते राति १९:२३ बजे वीरगंज महानगरपालिका–१४ बहुअरीस्थित भाटभटेनी पार्किङस्थलबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८१९२१२९५४ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

राहुलप्रसाद कलवार
वीरगंज-९, रानीघाट



### The Asia Foundation

**युएसएआईडी सिविल सोसाइटी एण्ड मिडिया एक्टिभिटी (सीएसएमए)**
**सिकाइमा समुदायको सहभागिता च्यालेन्ज फन्ड**
**आवेदन आह्वान**

द एसिया फाउण्डेशन प्रमुख कार्यान्वयनकर्ता रहेको पाँच वर्षे (सन् २०२२ देखि २०२७ सम्म) सिविल सोसाइटी एण्ड मिडिया (सिएसएम) एक्टिभिटी अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा संचालित परियोजना हो । सिएसएमले सार्वजनिक चासो, आधारभुत स्वतन्त्रता तथा जवाफदेहिता प्रवर्धन गर्नका निम्त महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिको नेतृत्वमा रहेका र यिनै समूह लक्षित स्वतन्त्र नागरिक समाज तथा मिडियालाई टेवा दिन्छ ।

यस सिकाइमा समुदायको सहभागिता च्यालेन्ज फन्डले लुम्बिनी तथा मधेश प्रदेशमा सामुदायिक सहभागितामा विद्यालयको शैक्षिक नतिजामा सुधार ल्याउने गरिने नवीन पहल, जवाफदेही संयन्त्र र विद्यालय शिक्षाका लागि स्थानीय सरकार र समुदायविच सहकार्यका नवीनतम् अवधारणालाई स्वागत गर्दछ र यस्ता परियोजनालाई आर्थिक सहयोग गर्नेछ ।

**मधेस र लुम्बिनी प्रदेशमा दर्ता भएका योग्य र सम्बन्धित नागरिक समाज संस्थाहरूलाई अवधारणा पत्र पेश गर्न सिएसएमले प्रस्ताव आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरेको छ ।**

**योग्यताबारे सूचनाः**

- मधेश प्रदेश तथा लुम्बिनी प्रदेशमा दर्ता भएका र त्यहीँ काम गरिरहेका स्थानीय संस्थाहरू मात्र यस अनुदान कार्यक्रम लागि योग्य मानिने छन् ।
- आवेदन दिन इच्छुक संस्थाहरुले प्रस्ताव आह्वान रहेका विषय क्षेत्र मध्येबाट आफूले काम गर्न चाहेको विषय छनोट गर्न सक्ने छन् वा शिक्षामा सामुदायिक सहभागिताका लागि रचनात्मक अवधारणाहरू प्रस्ताव गर्न सक्ने छन् ।
- संस्थाहरुसंग शिक्षा क्षेत्रमा काम गरेको अनुभव हुनुपनेछ । तर अनुभवको आधार शिक्षा क्षेत्रमा मात्र सीमित रहेको हुनुपर्ने भन्ने छैन ।
- महिला, युवा तथा सीमान्तकृत समुदायका व्यक्तिद्वार सञ्चालनमा रहेका नागरिक समाज संस्थाहरुलाई यसका लागि आवेदन दिन प्रोत्साहन दिइन्छ ।

**अनुदानको अनुमानित बजेटः** आवेदकहरूले ५०,००० अमेरिकी डलर सम्मको (नेपाली रुपैयाँ ६,५३५,००० नबढाई) अनुदानका लागि आवेदन पेश गर्न सक्ने छन् ।

**आवेदन पेश गर्ने प्रक्रिया**

**अभिरुचि पत्रः** आवेदकले challengefund.np@asiafoundation.org मा इमेल लेखेर अवधारणा पत्र तथा बजेटको ढाँचाका लागि अनुरोध गर्नु पर्नेछ । विस्तृत प्रस्ताव आह्वान सम्बन्धी विवरणका लागि यो लिङ्कमा जानुहोसः https://bit.ly/3WbxPzR

**आवेदन पेश गर्ने मिति तथा समयः** २२ जेठ, २०८० बेलुकी ५ बजे भित्रमा माथिको इमेल ठेगानामा पेश गर्नुपनेछ ।

# जनमत पार्टीले हेल्पलाइन नम्बर सञ्चालनमा ल्याउँदै

प्रस, वीरगंज, ९ जेठ/

जनमत पार्टीले सरकारी कार्यालय र नारायणी अस्पतालमा सेवाग्राहीको सहजीकरणका लागि टास्क फोर्स गठन गरी हेल्पलाइन नम्बर सञ्चालन गर्ने तयारी गरेको पर्सा जिल्ला संयोजक ओमप्रकाश सर्राफले बताए।

जनमत पार्टी पर्सासँग आबद्ध पेशागत सङ्गठनको मङ्गलवार बसेको संयुक्त बैठकले जनताको चाप बढी हुने सरकारी कार्यालय, अस्पतालमा सहज र सुलभ सेवाका लागि सहजीकरण गर्न टास्क फोर्स गठन गरी हेल्पलाइन नम्बर सञ्चालन गर्ने निर्णय गरेको र यो कार्य अविलम्ब सञ्चालनमा आउने उनले बताए।

बैठकले यही जेठ २७ गते पार्टी अध्यक्ष डा सिके राउत वीरगंज आउने र सो कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्ने निर्णय गरेको छ। पार्टी अध्यक्षको कार्यक्रमलाई भव्यतापूर्वक सम्पन्न गर्न सबै जनवर्गीय सङ्गठनलाई आआफ्नो काम, कर्तव्य र दायित्व निर्वाह गर्न बैठकले आग्रह गरेको छ।


तस्वीरः सौजन्य

बैठकमा जनमत केन्द्रीय परिषद् सदस्य डा अजय यादव, जनमत कानून व्यवसायी सङ्घका अधिवक्ता हरिहर साह, शिक्षक सङ्घका संयोजक अखिलेश पाण्डे, विद्यार्थी सङ्गठनका संयोजक राजु गिरी, महिला सङ्गठनकी संयोजक अञ्जना गुप्ता, सचिव रेखा यादव, पार्टी जिल्ला उपसंयोजक रामजी रौनियारलगायतको सहभागिता थियो।

# महापुराण कथा सकियो, भक्तजनहरू फर्किंदै

प्रस, वीरगंज, ९ जेठ/

वीरगंज, आदर्शनगरमा जेठ ३ गतेदेखि सञ्चालित शिव महापुराण कथा आज मङ्गलवार समापन भएको छ।


तस्वीरः प्रतीक

पुरुषार्थ आश्रम सेवा ट्रस्ट, हरिद्वार एवं वीरगंज महानगरवासीको आयोजनामा भइरहेको सात दिने प्रवचन कार्यक्रममा नेपाल र भारतका बिहार, उत्तरप्रदेश, झारखण्ड, दिल्ली, पञ्जाब, हरियाणा, राजस्थान, गुजरातलगायतका राज्यबाट हजारौंका सङ्ख्यामा श्रद्धालु भक्तजनहरू सहभागी भएर कथा श्रवण गरेका थिए।

भारतका विख्यात पण्डित प्रदीप मिश्रले कथा श्रवण गराएका थिए। आदर्शनगरमा भएको महापुराण कथामा सहभागीहरूको लागि निश्शुल्क गाँस र वासको व्यवस्था मिलाइएको आयोजक कमिटीका संयोजक सुनील खेतानले बताए।

आज बिहान अन्तिम कथा वाचन भएको र देश-विदेशका भक्तजनहरूले कथा श्रवण गरी आआफ्नो स्थानमा फर्केका छन्।

# गापा अध्यक्ष जैसवालको एक वर्ष : पूर्वाधार र शिक्षामा विशेष जोड

प्रस, परवानीपुर, ९ जेठ/

बाराको प्रसौनी गाउँपालिकाका जनप्रतिनिधिहरूको एक वर्ष कार्यकाल सकिएको छ।

एक वर्षको प्रगति विवरणका बारेमा गाउँपालिकाले पत्रकार सम्मेलन गरी योजनाहरूका बारेमा जानकारी गराएको छ।

पत्रकार सम्मेलनमा गापा अध्यक्ष जैसवालले चालू आवमा ४९ करोड २७ लाख २५ हजार कुल बजेट रहेकामा चालू आवको १० महीनामा ५० प्रतिशत खर्च भइसकेको र बाँकी दुई महीनामा थप २० प्रतिशत खर्च गर्ने लक्ष्य रहेको बताए। गापाले चालूतर्फ २४ करोड ८२ लाख, पूँजीगततर्फ २४ करोड ४४ लाख बजेट विनियोजन गरेकामा चालू खर्चतर्फ १५ करोड ५९ लाख, पूँजीगत खर्चतर्फ नौ करोड पाँच लाख गरी २४ करोड ६५ लाख खर्च गरिसकेको बताएको छ।

उनले आफ्नो कार्यकालमा विशेषगरी गापा अन्तर्गतका सातवटा वडामा भौतिक पूर्वाधार, गापा कार्यालय भवन, वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवनको निर्माण तथा स्तरोन्नतिलगायतका योजनाहरू सम्पन्न गरेको बताए।




त्यसैगरी, पछिल्लो १० महीनामा गापा अन्तर्गतका विभिन्न सडक ढलान, प्रसौनी बजारको पानी निकासको लागि नाला निर्माण, बङ्गरी नदी कजवे निर्माण, निश्शुल्क एम्बुलेन्स सञ्चालन, निश्शुल्क रगत प्रदान, बङ्गरी नदी नियन्त्रण, दश शय्याको प्राथमिक अस्पताल निर्माण, विभिन्न धर्मावलम्बीहरूका लागि मन्दिर, मस्जिद, धर्मशाला, सभाहल निर्माणका योजनाहरू सम्पन्न भएका उनले बताए। शिक्षाको लागि गापा अन्तर्गतका १३ वटा विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन शुरू गरिएको र रोजगार सिर्जनाका लागि लोकसेवा आयोग, शिक्षक सेवा आयोग, सैनिक प्रहरीलगायतका कक्षा सञ्चालन गरेको, कृषि मिटरको बिलमा अनुदान दिनेलगायत योजनाले प्रसौनी गाउँपालिकाको विकासमा टेवा पुग्ने कार्यमा प्रसौनी गापाका जनप्रतिनिधिहरू तत्पर रहेको उनले जानकारी गराए।

# खेलकूदको संसार

## एनएससी-काभा महिला भलिबल : भारतद्वारा कीर्गिस्तान पराजित

काठमाडौं, ९ जेठ/रासस

एनएससी-काभा अन्तर्राष्ट्रिय महिला भलिबल च्यालेन्ज कप अन्तर्गत मङ्गलवार भएको पहिलो खेलमा भारतले कीर्गिस्तानलाई पराजित गरेको छ। भारतलगातार दोस्रो खेलमा विजयी भएको हो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्ड हलमा सम्पन्न खेलमा भारतले कीर्गिस्तानलाई ३-० सोझो सेटमा पराजित गरेको हो।

यसअघि सोमवार भएको पहिलो खेलमा भारतले बङ्गलादेशलाई हराएको थियो। भारतले कीर्गिस्तानलाई पहिलो सेटमा २५-१७, दोस्रो सेटमा २५-८ र तेस्रो सेटमा २५-८ अङ्कले हराएको हो। कीर्गिस्तानको यो दोस्रो पराजय हो। यसअघि सोमवार सम्पन्न पहिलो खेलमा कीर्गिस्तान नेपालसँग पराजित भएको थियो।

समूह 'ए'मा रहेको भारत दुई खेलमा छ अङ्क जोड्दै शीर्ष स्थानमा छ। राष्ट्रिय खेलकूद परिषद् (राखेप)को सहयोग तथा नेपाल भलिबल सङ्घको आयोजनामा सञ्चालित सो प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का, किर्गिस्तान, उज्वेकिस्तान र काजकिस्तान सहभागी छन्।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' नेपाल, भारत, बङ्गलादेश र कीर्गिस्तान तथा समूह 'बी' मा श्रीलङ्का, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान छन्।

## एकदिवसीय विश्वकप छनोट : नेपाल समूह 'ए'मा

काठमाडौं, ९ जेठ/रासस

जिम्बावेमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकप छनोट प्रतियोगितामा नेपाल समूह 'ए'मा परेको छ। आइसिसीले मङ्गलवार सार्वजनिक गरेको खेलतालिका अनुसार नेपाल समूह 'ए'मा परेको हो।

नेपालको समूहमा वेस्ट इन्डिज, आयोजक जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स छन्। त्यस्तै, समूह 'बी'मा ओमान, श्रीलङ्का, स्कटल्यान्ड, आयरल्यान्ड र संयुक्त अरब इमिरेट्स (युएई) छन्। आगामी असार ३ गतेदेखि असार २४ सम्म जिम्बावेमा आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १० राष्ट्रले भाग लिनेछन्।

समूह चरणमा प्रत्येक राष्ट्रले चार खेल खेल्नेछन्। समूह चरणबाट आआफ्नो समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा एउटा समूहले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्नेछन्। सुपर सिक्सको शीर्ष दुईभित्र रहने टोली आगामी अक्टोबरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकपमा छनोट हुनेछन्।

प्रतियोगिताका लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले सोमवार २२ सदस्यीय प्रारम्भिक टोलीको घोषणा गरेको छ। टोलीमा कप्तान रोहितकुमार पौडेल, कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, दीपेन्द्रसिहं ऐरी, गुलसन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतीश जिसी, ललितनारायण राजवंशी, अर्जुन साउद, सन्दीप जोरा, देव खनाल, किशोर महतो, सूर्य तामाङ, कमलसिंह ऐरी, श्याम ढकाल र कुशल मल्ल छन्।

# नगवाको वर्मा दम्पतीलाई मेलमिलापको आदेश

प्रस, परवानीपुर, ९ जेठ/

वीरगंज-१६ नगवाका वर्मा दम्पती विवाद मुद्दामा मेलमिलापको लागि अदालतले आदेश गरेको छ।

वैशाख ३१ गते पर्सा जिल्ला अदालतले जेठ १ देखि ३० दिन म्याद राख्दै दुवै पक्षबीच अंश मुद्दामा मिलापत्रको लागि आदेश गरेको पर्सा जिल्ला अदालतले जनाएको छ।

वीरगंज-५ कुम्हाल टोलकी अलिशा श्रीवास्तवको रौतहट जिल्ला, गौर नपा-१३ स्थायी घर भई हाल वीरगंज-१६ नगवा बस्ने विशाल वर्मासँग चार वर्षदेखि विवाद चुलिएको हो।

विशाल अहिले अमेरिकामा बसोवास गर्छन्। बिहेको चार दिनपछि अमेरिका गएका विशालकी पत्नी अलिशा घरपरिवारविहीन भएपछि कानूनी लडाइँ लड्न पर्सा जिल्ला अदालतमा विशालकी आमा रेणुप्रसाद श्रीवास्तव, पति विशाल वर्मालगायतमाथि अंश, सम्बन्धविच्छेद, मानाचामललगायतका पाँचवटा मुद्दामा लड्दै छिन्।

पति-पत्नीबीच विवाद बढ्दा दुवैबीच सम्बन्ध बिग्रिंदै गएकाले दुवै पक्ष कानूनी लडाइँ लडिरहेका छन्। अदालतको अन्तिम आदेश दुवै पक्षलाई मान्य हुने बताइएको छ।

# शिक्षकहरूको आन्दोलन जारी, कक्षा कोठा बहिष्कार गर्ने कार्यक्रम

प्रस, परवानीपुर, ९ जेठ/



तस्वीरः प्रतीक

नेपाल शिक्षक महासङ्घ, पर्साले आन्दोलनलाई जारी राखेको छ। वीरगंज महानगरपालिकाअगाडि सम्पन्न दुई दिनको धर्ना कार्यक्रमको अन्तिम दिन मङ्गलवार थप दिनका सङ्घर्षका कार्यक्रम घोषणा गरिएको नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवले बताए। जेठ १० गते ६-७ घण्टी, जेठ ११ गते टिफिनपछिका सबै घण्टी, जेठ १२ गते हाजिर गरेर सबै घण्टी बहिष्कार गर्ने कार्यक्रम घोषणा गरिएको उनले बताए। त्यसपछि पनि माग सम्बोधनको लागि सरोकारवाला निकायले चासो नदिए जेठ १३ गते जिल्लाभरिका शिक्षक भेला गरी थप कार्यक्रम घोषणा गर्ने तयारी भइरहेको बताए।

नेपाल शिक्षक महासङ्घले शिक्षा ऐन र नियमावलीविपरीत स्थानीय पालिकाले गैरकानूनीरूपमा शिक्षक सरुवा गर्न थालेको भन्दै त्यसको विरुद्धमा चरणबद्ध आन्दोलनमा छ। वीरगंज महानगरका मावि र निमाविका प्रअको सरुवापश्चात् महासङ्घ वीरगंज महानगरपालिकाको विरुद्ध आक्रामक हुँदै आन्दोलन जारी राखेको छ।

**पर्सा ...**

गर्दै आएको छ।

कलैया उपमनपा-११ विशम्भरपुरमा चार बिघामा नर्सरी गर्दै आएको र अहिले वीरगंज महानगरपालिकामा १८ वर्षदेखि यो व्यवसाय सञ्चालन गर्दै आएको मनकामना नर्सरीका रवीन्द्र कुशवाहा बताउँछन्। उनले जिल्ला हुलाकमा अहिले दुईवटा नर्सरी सञ्चालन गर्दै आएका छन्। सोही ठाउँमा मङ्गलकामना सञ्चालनमा छ भने हिरण्यमार्केट पछाडि आर्मी ब्यारेकदेखि दक्षिणतर्फ अन्नपूर्ण नर्सरी सञ्चालनमा छ।

मनकामना नर्सरीका सञ्चालक कुशवाहाले पछिल्लो समय पर्सा, बारामा व्यक्तिगत तवरमा घरमा सजावटका लागि फूलसहितको बगैंचा बनाउनेहरूको सङ्ख्या बढिरहेको बताए। उनले जग्गा नभएका व्यक्तिहरूले पनि घरको छतमा बगैंचा बनाउने, फूलको बिरुवा रोप्ने, छतमा गमला राखेर फूल तथा विभिन्न अलङ्कारिक बिरुवाहरू रोप्ने गरेका बताए। वृक्षारोपण गर्ने र त्यसको रेखदेख गर्ने हो भने तोकिएको समयमा बिरुवा हुर्किने उनले बताए। बिरुवा रोप्नेहरूले कम्पोस्ट, डिएपी मल, कीटनाशक औषधि प्रयोग गर्नुका साथै सिंचाइमा ध्यान दिंदा समयमा बिरुवा हुर्कने गरेको तर सरकारी तवरमा रोपेर मात्र औपचारिकता पूरा गर्दा वृक्षारोपण गरिएका बिरुवाहरू नहुर्केका थुप्रै प्रमाण छन्।

वीरगंजमा वृक्षारोपणको सुरुआत २०४९ सालमा सार्वजनिकरूपमा भएको थियो। तत्कालीन नगरपालिकाले पहिलोपटक रु २० लाखको लागतमा वृक्षारोपणको सुरुआत गरेको थियो। त्यसपछि वृक्षारोपणकोकार्यहरू थुप्रै भए तर टिकाउ हुन सकेनन्।

वृक्षारोपण असफल हुनुमा स्याहारसुसारको लागि हेरालुको व्यवस्थापन नगर्दा। अहिले महानगरले गरेका वृक्षारोपणको हेरचाह गर्न नर्सरीहरूलाई जिम्मेवारी दिइएको छ। वीरगंजमा राम्ररी वृक्षारोपण भएको आदर्शनगर क्षेत्रमा देख्न सकिन्छ। त्यहाँ ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले वृक्षारोपण गरी आकर्षण बनाएको छ। त्यसबाट प्रेरित भएर महानगरले विभिन्न स्थानमा वृक्षारोपणलाई प्राथमिकता दिंदै आएको छ।




**गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ।**

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड